राष्ट्रिय साप्ताहिक

# जनजिब्रो

Janajibro National Weekly

सत्य समाचार, तथ्यमा आधारित विश्लेषण
सन्तुलित विचार, मर्यादित भाषाशैली
स्वस्थ मनोरञ्जन, शिष्टाचारयुक्त प्रस्तुति
खोजपूर्ण र ज्ञावर्द्धक सामग्रीका लागि
newskoseli.com
सबैतिरबाट, सबैका लागि

वर्ष– २९, अङ्क– ३, साउन १९ गते शुक्रबार, २०८० (4 August, 2023) | www.janajibro.com | मूल्य रू. १०।-

# माओवादी बैठक जारी, अभियान घोषणाको तयारी

## सरकारका कामकारबाहीको प्रचार गर्ने, आधारभूत तहसम्म पुगेर संगठन विस्तार गर्ने

■ जनजिब्रो संवाददाता

**काठमाडौं ।** कमलादीस्थित प्रज्ञा प्रतिष्ठानमा बुधबारदेखि चलिरहेको नेकपा (माओवादी केन्द्र) को केन्द्रीय समितिको चौथो पूर्ण बैठक जारी छ। बैठकमा प्रधानमन्त्री समेत रहेका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' को राजनीतिक प्रतिवेदनमाथि नेताहरूले धारणा राख्ने क्रम चलिरहेको छ।




यस बैठकबाट आधारभूत तहसम्मका जनतामा जाने गरी आवधिक अभियान घोषणा गर्ने तयारी भइरहेको एक वरिष्ठ नेताले जनजिब्रोलाई बताए।

अध्यक्ष प्रचण्डद्वारा मौखिकरूपमा प्रस्तुत राजनीतिक प्रतिवेदनमाथि धारणा राख्दै अधिकांश नेताहरूले पार्टीको पुनर्निर्माण, नेताहरूको कार्यशैली, सङ्गठनको चुस्तता र सरकारका कामकारबाहीको प्रभावकारिताबारे सुझाव दिइरहेका छन्। माओवादी नेताहरूले पार्टीलाई नयाँ जीवन दिनुपर्ने, सङ्गठनात्मक संरचना सानो बनाइनुपर्ने र पार्टीलाई पुनर्जागृत गर्नुपर्ने विषयमा केन्द्रित भएर धारणा राखिरहेका छन्। बैठकको प्रारम्भमा अध्यक्ष एवं प्रधानमन्त्री प्रचण्डले सम्बोधन गर्दै सरकारले थालेको सुशानको अभियानबाट जनतामा आशाको सञ्चार भएको बताएका थिए। कार्यसूचीअनुसार उनले राजनीतिक र साङ्गठिनक प्रतिवेदन पेस गरेपछि नेताहरूले त्यसैमा केन्द्रित रहेर बहस गरिरहेका हुन्। राजनीतिक र साङ्गठनिक प्रस्ताव तयार पार्न गठन भएका उपसमितिले तयार पारेको प्रतिवेदनलाई अध्यक्ष प्रचण्डले अन्तिम रूप दिएर बैठकमा प्रस्तुत गरेका हुन्।

क्रमशः अन्तिम पृष्ठमा

# भ्रष्टाचार र दण्डहीनता नै देश विकासको बाधक : डा. कोइराला

**काठमाडौं ।** नेपाली कांग्रेसका नेता डा. शेखर कोइरालाले भ्रष्टाचार र दण्डहीनता नै देश विकासको बाधक भएको बताएका छन्। नेता कोइरालाले भ्रष्टाचार र दण्डहीनता अन्त्य गर्दै सुशासन कायम गर्न सके मुलुकको विकासको विकास हुने बताएका हुन्।

'देशमा अराजकता र दण्डहीनता बढिरहेको छ' उनको भनाइ थियो। नेपाल प्रेस युनियन काठमाडौं शाखाद्वारा आयोजित नवौं जिल्ला अधिवेशनबाट निर्वाचित पदाधिकारी तथा सदस्यलाई 'प्रमाणपत्र वितरण तथा पदस्थापन' कार्यक्रमममा बोल्दै उनले भ्रष्टाचार र दण्डहीनताको अन्त्य गर्दै सुशासन कायम गर्न सके मुलुकको विकास हुने बताए।

उनले प्रहरीलाई बाहिर राखेर राजस्व अनुसन्धान विभागलाई मात्र संलग्न गराई सुन तस्करी प्रकरणको अनुसन्धान गर्नुले आम जनमानसमा आशंका उब्जिएको बताए। उनले प्रहरीलाई अनुसन्धानमा संलग्न नगराई राजस्व अनुसन्धान विभाग मात्रै संलग्न गराउनुको कारण सञ्चारमाध्यमले खोज्नुपर्ने जिकिर गरे। भुटानी शरणार्थी र ललिता निवास जग्गा प्रकरण अहिले सुन प्रकरणपछि सेलाएको नेता कोइरालाको भनाइ थियो।


कार्यक्रममा नेपाल प्रेस युनियनका केन्द्रीय अध्यक्ष शिव लम्सालले प्रेस युनियनलाई चलायमान बनाउँदै श्रमजीवी पत्रकारको मुद्दा समाधानमा वर्तमान केन्द्रीय समिति लागिपरेको बताए। नेपाल ट्रेड युनियन कांग्रेसका केन्द्रीय महासचिव अजयकुमार राईले श्रमजीवी पत्रकारका मुद्दामा लड्न नेपाल



ट्रेड युनियन कांग्रेस प्रेस युनियनसँगै रहेको बताए। उनले न्यूनतम पारिश्रमिक निर्धारण समितिले तोकेको तलब समेत पत्रकारले नपाएको उल्लेख गर्दै न्यूनतम पारिश्रमिक निर्धारणका लागि नेपाल ट्रेड युनियन कांग्रेस लाग्ने पनि बताए।

कार्यक्रममा नेपाल प्रेस युनियनका उपाध्यक्षद्धय नकुल अर्याल र जीवन भण्डारी, महासचिव दिलीप पौडेल, पूर्ववरिष्ठ उपाध्यक्ष दामोदरप्रसाद दबाडी, उपत्यका प्रतिष्ठान प्रदेशका अध्यक्ष लीलाराज खनाल, काठमाडौंका निवर्तमान कार्यवाहक अध्यक्ष अच्युत रेग्मीलगायतले आ–आफ्ना भनाइ राखेका थिए।

# आमा– ९



धारावाहिक उपन्यास

म्याक्सिम गोर्की

**२८ मार्च, १८६८ मा जन्मेर १८ जुन, १९३६ मा निधन भएका विश्वचर्चित मार्क्सवादी लेखक–साहित्यकार म्याक्सिम गोर्कीको औपचारिक नाम भने एलेक्सी म्याक्सिमोभिच पेस्कोभ हो। रूसी साहित्यकार गोर्की लेखक, नाटककार, उपन्यासकार मात्र नभई समाजवादी यथार्थवादी साहित्यिक धाराका संस्थापक समेत हुन्। कारखानामा काम गर्ने मजदूरहरूको आन्दोलनमा आधारित रही गोर्कीले लेखेको विश्वचर्चित उपन्यास 'द मदर' सन् १९०६ मा सर्वप्रथम अङ्ग्रेजी भाषमा प्रकाशित भएको थियो। नेपालीमा समेत प्रकाशित 'आमा' उपन्यास संसारभर अनेकौं भाषामा प्रकाशित छ। यसैमा आधारित भएर धेरै चलचित्रहरू समेत बनिसकेका छन्। पाठकहरूका निम्ति रूचिकर एवम् ज्ञावर्द्धक हुने ठानी यस स्तम्भमार्फत 'आमा' उपन्यासलाई क्रमशः प्रकाशित गरेका छौं।**

आफ्नो आन्तरिक पीडा लुकाउन असमर्थ भएकी आमाले भनिन् -

"तपाईं मेरो वास्ता नगर्नोस्। म केही बुझ्दिन। बसेर सुन्छु र आफ्नो जिन्दगीबारे सोच्न थाल्छु।"

"होइन, तपाईंले बुझ्नैपर्छ।"- सोफियाले भनिन् - "हरेक आइमाईले संगीतको मिठास बुझ्नै पर्छ, विशेषतः त्यसबेला जब उनको हृदय उदास हुन्छ...।"

उनले जोडले आफ्ना औंलाहरूले पियानोका पर्दाहरू थिचिन् र पियानोबाट यस किसिमको चिच्याहट निस्क्यो मानौं कसैले भयानक समाचार सुनाउँदै छ। साँच्चीकै भयंकर वेदनाले मात्र यस्तो हृदय विदारक करुण चीत्कार निकाल्न सक्छ। फेरि अचानक यौवनको जोशले भरिएको भयातुर

क्रमशः दोस्रो पृष्ठमा

विजय प्राप्त गर्ने र सत्ता हातमा लिने कुरा तिनीहरूका लागि मात्र सम्भव छ, जो जनतालाई विश्वास गर्दछन् र उनीहरूकै सिर्जनात्मक क्षमतामा भर परेर फड्को मार्न तयार हुन्छन्। -लेनिन

जनजिब्रो साप्ताहिक
वर्ष- २९, अङ्क- ३, साउन १९ गते शुक्रबार, २०८०

## सम्पादकीय

# सत्तासीन माओवादीको केन्द्रीय बैठक र आमअपेक्षा

सत्तासीन नेकपा (माओवादी केन्द्र) को केन्द्रीय समितिको बैठक राजधानीमा जारी छ। सरकारको नेतृत्व गरिरहेको र मुलुकको वामपन्थी हिस्साको एउटा प्रमुख दलले नीति निर्माणको तहमा बहस, छलफल र निर्णयको प्रक्रिया अपनाउँदा स्वभावतः मुलुक र देशवासीको चासो हुन्छ नै।

वर्तमान संसदीय अङ्कगणित ज्यादै पेचिलो छ। कुनै पनि दलको बहुमत नभएको मात्र होइन, दुई वा तीन दलसम्म एउटै गठबन्धनमा रहँदा समेत सरकार गठन र सञ्चालनका निम्ति बहुमत पुग्ने अवस्था छैन। यहीबेला केही प्रतिक्रियावादी र पुनरुत्थानवादी तत्त्व तथा केहीचाहिँ बहुरङ्गी स्वभाव, चरित्र र धरातलका अराजनीतिक तत्त्वहरूले संसद्मा प्रभावकारी उपस्थिति जनाएका छन्। यो अवस्थामा संसदीय अङ्कगणितमा निकै होचो उचाइमा रहेको तेस्रो दल- माओवादी केन्द्रले सरकारको नेतृत्व गरिरहनु धेरैका लागि त ‘आश्चर्य’ को विषय नै बनिरहेको छ। जबकि सरकारको दोस्रो सहभागी नेपाली काङ्ग्रेस तथा प्रमुख प्रतिपक्षमा रहेको एमाले नब्बे-नब्बे सिटको आसपासमा छन् भने सरकारको नेतृत्व गरिरहेको माओवादी केन्द्रचाहिँ जम्मा बत्तीस सिटमा सीमित छ।

यस्तो जटिल अवस्थामा सरकारको नेतृत्व गरिरहेको अनि तीन दशकदेखि एकछत्र शासन गर्दै मुलुकलाई भ्रष्टाचारको दलदलमा डुबाएका तिनै काङ्ग्रेस र एमालेको शीर्षाशनमै बसेका भ्रष्टाचारीहरूमाथि कारबाहीको डण्डा उज्याइरहेको माओवादी यतिबेला केन्द्रीय बैठकमा जुटिरहेको छ। एकातिर अहिलेको अप्ठ्यारो सरकारलाई सफलता दिलाएर भावी राजनीतिको मार्गप्रशस्त गर्नुपर्ने चुनौती अनि अर्कातिर उनै भ्रष्टहरूको बैशाखी टेकेर सरकार टिकाउँदै अघि बढ्नुपर्ने बाध्यताका बीच सकसपूर्ण राजनीति गरिरहेको माओवादीले पाइला-पाइला सतर्कता अपनाउनुपर्ने अवस्था छ। फेरि अर्कातिर, राष्ट्रियता, जनजीविका र सुशासनका प्रत्याभूति दिनुपर्ने दायित्व छ। यो बैठकले माओवादीलाई सोहीअनुसारको शक्ति प्रदान गर्ने सर्वत्र अपेक्षा गरिएको छ।

## ... आमा- ९

स्वर गुञ्जियो र तुरुन्तै कतै गायब भयो। फेरि एकपल्ट बडो जोडको करुण चीत्कार सुनियो जुन आवाजमा बाँकी सब कुरा डुब्यो। यस्तो भान हुन्थ्यो मानौं कुनै भयंकर विपद नजीक आउँदै छ तर यस आवाजले करुणा नभएर रोषको भावना पैदा गर्थ्यो।

फेरि संगीतको सबल सुमधुर धुन सुनियो, कति विनय, कति आकर्षण थियो त्यस गीतमा।

यी मान्छेहरूलाई कुनै ममतापूर्ण कुरा भन्न आमाको ह्दय बेचैन भयो। उनलाई संगीतको नशाले छोप्दै थियो। उनी मुस्कुराइन्। उनी यी दिदीभाइलाई मद्दत गर्न सक्छिन् भन्ने कुरामा आमालाई विश्वास थियो।

उनले चारैतिर हेरिन्- होइन उनी के गर्न सक्छिन् र ? आमा बिस्तारै उठिन् र भान्सा-कोठामा गएर सामोभार बसालिन्।

तर यी मान्छेहरूको लागि केही कामलाग्ने कुरा गर्ने उनको तीव्र इच्छा पूरा भएको थिएन र चिया खन्याउँदै उनले लज्जित मुस्कानसहित भनिन् -

“हामी, त्यस अन्धकारमय जीवनमा बस्ने मान्छेहरू सब कुरा अनुभव गर्न सक्छौं तर हामी आफ्नो भावना शब्दमा व्यक्त गर्न सक्दैनौं, हामीलाई लाज लाग्छ, हामी बुझ्छौं तर केही भन्न सक्दैनौं। अनि अक्सर आफ्नो यसै लज्जाले गर्दा हामीलाई आफ्नै विचारहरूमाथि रीस उठ्छ। जिन्दगीले हामीलाई चारैतिरबाट घोचिरहेको हुन्छ, दबाइरहेको हुन्छ, हामी शान्ति चाहन्छौं तर हाम्रा विचारहरूले हामीलाई शान्ति दिँदैनन्।”

निकालाई आफ्नो चश्मा पुछ्दै आमाको कुरा सुनिरहेको थियो। सोफियाका ठूलठूला आँखा आश्चर्यले फैलिएका थिए। उनले चुरोट पनि पिउन बिर्सिन्, हातको चुरोट निभ्न थालिसकेको थियो। उनी अझै पनि पियानो अगाडि नै बसेकी थिइन् तर उनको शरीर निकोलाइतिर फर्केको थियो। उनी बीचबीचमा आफ्नो दाहिने हातले पियानोका भागहरू बिस्तारै छुन्थिन्। पियानोको कोमल स्वर आमाको ह्दयबाट निस्किरहेका ती सीधा-सादा शब्दहरूमा बिलाउँथे, जसद्वारा उनी आफ्नो भावना व्यक्त गर्न चाहन्थिन्।

“अहिले त म आफूबारे, अरू मान्छेहरूबारे केही कुरा भन्न सक्ने भएकी छु, किनभने कुराहरू बुझ्न थालेकी छु, दाँजेर हेर्न सक्छु। तर पहिले त दाँजेर हेर्ने कुनै कुरै थिएन। हाम्रो मजदूर जीवनमा सब मान्छे एकैनासले बस्छन्। तर अहिले जब म हेर्न थाल्छु कसरी अरू मान्छेहरू बस्दा रहेछन् र आफ्नो पुरानो जीवनसँग दाँजेर हेर्छु तब मुटु पोल्न थाल्छ।”

उनले स्वर सानो पार्दै फेरि भन्न थालिन् -

“हुनसक्छ मलाई ठीक तरीकाले कुरा गर्न आउँदैन, हुनसक्छ, तपाईंहरूलाई यी सब कुरा बताइरहने कुनै आवश्यकता छैन, किनभने तपाईंहरू आफैंलाई सब कुरा थाहा छ...।”

आमाको स्वर रुन्चे हुन थाल्यो तर उनले मुस्कुराउँदै भनिन् -

“म तपाईंहरूको अगाडि आफ्नो ह्दय खोलेर राखिदिन चाहन्छु म चाहन्छु तपाईंहरूलाई थाहा होस् तपाईंहरूको सुख र भलाइको मलाई कति चाहना छ।”

“हामीलाई थाहा छ।”- निकोलाइले बिस्तारै भन्यो।

यस्तो लाग्थ्यो, उनी आफ्नो मनमा लागेका सब कुरा उनीहरूको अगाडि खोलेर राखिदिन चाहन्थिन्। उनी ती सब कुरा बताउँदै थिइन् जुन उनको लागि नौला र अत्यन्त महत्त्वपूर्ण थिए। उनले आफ्नो त्यस दयनीय जीवनबारे बताइन् र कसरी उनले सब कुरा चुपचाप सहँदै आएकी थिइन् भन्ने कुरा पनि बताइन्। उनको स्वरमा क्षोभको भावना थिएन तर व्यङ्ग्यको एक झलक अवश्य थियो। उनले आफ्नो विगत जीवनका नीरस दुःखपूर्ण दिनहरूको समस्त भेद उनीहरूको अगाडि खोलिदिइन्, उनले बताइन् कतिपल्ट लोग्नेले उनलाई कुटेको थियो। उनलाई आफैंलाई आश्चर्य लाग्दै थियो किन उनले जीवनमा यति धेरै पिटाइ खाइन्। किन त्यो पिटाइ रोक्न उनी असमर्थ थिइन्...।

दुवैजना चुपचाप उनको यो कथा सुन्दै थिए। आमाको यस सामान्य कथा पछाडि एक गूढ अर्थ लुकेको थियो। यो कथा एक त्यस्तो व्यक्तिको थियो जोसँग जनावर जस्तो व्यवहार गरिएको थियो र जसले लामो अवधिसम्म चुपचाप आफ्नो यो अवस्था स्वीकार गरेर बसेको थियो। यस्तो लाग्थ्यो मानौं आमाको मुखबाट हजारौं मान्छेहरू बोल्दै छन्। उनको जीवनमा जे जति पनि घटनाहरू घटेका थिए ती अत्यन्त सामान्य र दैनिक कुरा थिए- त्यतिकै सामान्य बेरङी जति यस पृथ्वीमा बस्ने अधिकांश मानिसहरूको जिन्दगी छ- त्यसैले उनको जीवन कथा एक प्रतीक बनेको थियो। निकोलाइ आफ्नो कुहिनो टेबुलमा अडाएर, हत्केलाले टाउको समातेर, आँखा खुम्च्याउँदै आफ्नो चश्मा पछाडिबाट एकटकले आमालाई हेर्दै थियो। सोफिया आफ्नो मेचमा अडेस लाएर बसेकी थिइन् र आमाको यो करुण कथा सुनेर बीचबीचमा टाउको हल्लाउँदै झस्कन्थिन्। उनको अनुहार पातलो र फीका देखिन्थ्यो, उनी चुरोट पनि पिइरहेकी थिइनन्।

“एकपल्ट मलाई पनि आफू असाध्यै अभागी रहेछु यस्तो लागेको थियो। मानौं म सपनामा हिंड्दै छु।”- सोफियाले आँखा झुकाउँदै शान्त स्वरमा भनिन् - “त्यसबेला म धेरै टाढाको एउटा सानो बस्तीमा आफ्नो निर्वासनकाल बिताउँदै थिएँ। केही काम थिएन, सोच्ने कुरा पनि केही थिएन, आफैंबारे सोच्नेबाहेक अर्को उपाय थिएन। जसरी भए पनि मलाई समय काट्नु थियो र मैले आफ्नो सबै यातनाहरू सम्झन थालें। सम्झें, कसरी बुबासँग झगडा पर्‍यो, बुवालाई म धेरै माया गर्थें, स्कूलबाट निकालिएँ, मेरो अपमान गरे, सम्झें, कसरी जेल परें, कसरी मेरो नजिकको साथीले मलाई धोका दिए। लोग्ने समातिए, सम्झें कसरी म फेरि जेल परें र निर्वासित भएँ, अनि लोग्नेको देहावशान। यी सब कुरा सम्झँदा मलाई लाग्थ्यो म नै संसारको सबभन्दा दुःखी मान्छे हुँ। तर पेलागेया नीलोभ्ना, मैले जिन्दगीभर सहेकी यातनाको दश गुना बढी यातना पनि तपाईंले आफ्नो जीवनको एक महिनाभित्र सहनु भएको यातना जति छैन...। यस्तो यातना तपाईंले वर्षानुवर्ष सहँदै आउनुभयो...। कहाँबाट आउँदोरहेछ मान्छेमा यातना सहने यत्रो शक्ति ?”

“बानी पर्दो रहेछ।”- आमाले लामो सास फेर्दै भनिन्।

“मलाई लाग्थ्यो म जिन्दगीसँग परिचित छु।”- निकोलाइले विचारमग्न हुँदै भन्यो - “तर जब किताबमा लेखिएको जीवनसँग होइन, मेरा टुक्राटाक्री अनुभवहरूको आधारमा अनुमानित जीवनसँग होइन, यी यसरी साक्षत जीवनसँग मेरो मुठभेड हुन्छ त मलाई डरलाग्न थाल्छ। जिन्दगीका स-साना कुराहरू पनि कति भयंकर हुँदा रहेछन्, ती महत्त्वहीन मिनेटहरू जसको जोडले अनन्त वर्षहरू बनेका हुन्छन्...।”

उनीहरू त्यस अन्धकारमय जीवनको प्रत्येक पक्षबारे विचार गर्दै धेरै बेरसम्म कुरा गरेर बसिरहे। आमा अतीतको सम्झनामा झनझन डुब्दै गइन्। विस्मृतिको गहिराइबाट निस्कँदै ती सब अपमानहरू उनको अगाडि एकएक गर्दै नाँच्न थाले। उनको सम्पूर्ण यौवनलाई नै एक मूकनरक बनाइदिएका थिए।

“म गफ गर्‍यागर्‍यै छु, तपाईंहरूको चाहिं सुत्ने बेला भैसक्यो।”- उनले अन्त्यमा भनिन् - “कुरा जति गरे पनि सकिंदैन...।”

दिदीभाइ दुवै चुपचाप उनीसँग बिदा भए। आमालाई लाग्यो, विदा हुँदा निकोलाइ सधैंभन्दा बढी झुक्दै छ र बढी प्रेमसाथ उनीसँग हात मिलाउँदै छ। सोफियाले आमालाई कोठासम्म पुर्‍याउन आइन्। ढोका अगाडि थामिँदै सोफियाले भनिन् :

“लौ, अब सुत्नोस्, राम्ररी आराम गर्नोस्।”

उनको स्वरमा गजबको न्यानोपना थियो र उनी आफ्ना कोमल, दयालु आँखाले बडो प्रेमपूर्वक आमालाई हेर्दै थिइन्।

आमाले आफ्ना दुवै हातले बेस्सरी सोफियाको हात समाउँदै भनिन् -

“धेरैधेरै धन्यवाद छ, तपाईंलाई...।”

केही दिनपछि आमा र सोफिया गरीब आइमाईको भेषमा निकोलाइको अगाडि आएर उभिए। उनीहरूले सुतीको फाटेको कपडा लगाएका थिए, पिठ्यूँमा झोला बोकेका थिए र हातमा लठ्ठी लिएका थिए। यस पहिरनमा सोफियाको कद अति होचो देखिन्थ्यो र उनको फीका अनुहार सधैंभन्दा गम्भीर लाग्थ्यो।

निकोलाइले दिदीलाई विदा गर्दै बडो स्नेहपूर्वक उनको हात समायो। उनीहरूको पारस्परिक सम्बन्धको यस शान्त सरलताले आमाको ह्दयमा गहिरो छाप पार्‍यो। उनीहरू न त एक दोस्रोलाई म्वाइ नै खान्थे, न त मीठा मीठा कुराहरू नै गर्थे तर दुवै एक दोस्रोबारे सधैं पीर गरिरहेका हुन्थे। जुन बस्तीमा उनी पहिले बस्थिन्, त्यहाँ मान्छेहरू सधैं एक दोस्रोलाई म्वाइ खान्थे, आपसमा स्नेहपूर्ण शब्दहरू ओइरिन्थे तर मौका पर्नासाथ एक दोस्रोमाथि भोका कुकुरहरू जस्तो मुन्टि पनि हाल्थे।

ती दुवै आइमाईहरू चुपचाप शहरका सडकहरू पार गर्दै खेतमा निस्के। उनीहरू अहिले पुराना भोजवृक्षका दुई पंक्तिहरूबीचको एउटा चौडा गड्याङ्गुडुङ् परेको सडकमा जाँदै थिए।

“थाक्नु त हुन्न ?”- आमाले सोफियालाई सोधिन्।

“तपाईं सोच्न सक्नुहुन्छ, मलाई कम हिंड्ने आदत छ ? बानी परिसकेको छ...।”

सोफियाले बडो उल्लासपूर्वक आफ्नो क्रान्तिकारी कामबारे बताउन थालिन्, यी सब कुराहरू उनी यसरी बताउँदै थिइन्, मानौं आफ्नो बाल्यअवस्थाको कुनै रमाइलो खेल याद गर्दैछिन्। उनी धेरैपल्ट आफ्नो नाम बदलेर नक्कली पासपोर्ट अन्तर्गत बस्न वाध्य भएकी थिइन्। भेष बदलेर जासुसहरूलाई छकाउनु उनको लागि साधारण कुरा थियो। उनी किताब र पर्चाहरूका गन्हौंगन्हौं बण्डलहरू बोकेर एक शहरबाट अर्को शहर जाने गर्थिन्, निर्वासित साथीहरूलाई भाग्न मद्दत गर्थिन् र उनीहरूलाई साथ लिएर विदेश जान्थिन्। उनको घरमा गोप्य छापाखाना राखिएको थियो, एकपल्ट पुलिसले सुइँको पाएर घरको खानतलासी लिन आइपुग्यो, तब नोकर्नीको पोशाकमा उनी मूल ढोकामा पुगेको पुलिसलाई छक्काएर चुपचाप निस्केकी थिइन्। जाडोको बेला थियो र त्यस दिन निकै चिसो थियो। तर उनी एउटा हलुको पोशाक मात्र लगाएर निस्केकी थिइन्, टाउकोमा खालि एउटा सूतीको रुमाल बेरेकी थिइन्। यत्तिकै लुगा लगाएर, हातमा मट्टीतेल राख्ने भाँडो बोकेर उनी शहरको एक छेउबाट अर्को छेउमा पुगेकी थिइन्। एकपल्ट आफ्ना केही कमरेडहरूलाई भेट्न उनी एउटा अर्कै शहर आइपुगेकी थिइन्। घरको भऱ्याङ चढ्न थालेपछि उनले चाल पाइन् त्यस कमरेडको डेरामा खानतलासी लिइँदै छ। पछाडि फर्कने कुरै थिएन। उनले हिम्मत गरेर तल्लो तलामा रहेको फ्लैटको घण्टी बजाइन् र आफ्नो सुटकेस बोकेर ती अपरिचित मान्छेहरूको डेराभित्र सरासर पसिन्। भित्र पसिसकेपछि उनको घरधनीलाई जे जस्तो छ सब कुरा खुल्ला रूपमा बताइदिइन्।

“चाहनुहुन्छ भने पुलिसलाई सुम्पन सक्नुहुन्छ, तर मलाई लाग्छ, तपाईंहरूले यसो गर्नुहुनेछैन।”- उनले विश्वासपूर्वक भनिन्।

घरधनीहरू असाध्यै तर्सिए र रातभरि निदाउन सकेनन्, उनीहरूलाई हरेक मिनेट कसैले ढोका घचघच्याए जस्तो लाग्थ्यो तर सोफियालाई चाहिं पुलिसको हात सुम्पेनन्। भोलिपल्ट यो घटना सम्झेर सब मिलेर खुब हाँसेका थिए। एकपल्ट उनले इसाई सन्यासिनीको पोशाक लाएर रेलको त्यसै डिब्बामा र त्यही बेन्चमा सफर गरेकी थिइन्। जसमा उनको पीछा गर्ने जासुस बसेको थियो। ऊ आफ्नो चलाकीको डीङ हाँक्दै उनलाई बताउँदै थियो कसरी ऊ त्यस आइमाईको पीछा गर्दै छ। उसलाई विश्वास थियो, उनी त्यसै रेलको दोस्रो दर्जाको डिब्बामा सफर गर्दैछिन्, ऊ प्रत्येक स्टेशनमा निस्कन्थ्यो र फेरि आफ्नो ठाउँमा फर्कंदै भन्थ्यो -

“खोइ देखिन्न, शायद निदाइन् होला। कुरै छैन, थाकिन्। यिनीहरूको जिन्दगी पनि हाम्रै जस्तो कठिन हुँदोरहेछ।”

आमा सोफियाको कुरा सुनेर हाँसिन् र बडो स्नेहपूर्वक उनलाई हेरिन्। अग्ली र लाम्चो अनुहार भएकी सोफिया आफ्ना सुडौल खुट्टाहरूले बडो फूर्तिसाथ हिंडिरहेकी थिइन्, उनको हिंड्ने र कुरा गर्ने तरीकामा, अलि बाक्लो उल्लासपूर्ण स्वरमा र तानिएको आकृतिमा जवानीको जस्तो अल्लडपूर्ण साहस र अन्तरात्मादेखि नै स्वभाविक रूपले उत्पन्न स्फूर्ति भेट्टाइन्थ्यो। उनी जुनसुकै कुरालाई पनि कुनै युवतीको जस्तो उत्साहले हेर्थिन् र प्रत्येक कुरामा उल्लासको कुनै न कुनै श्रोत भेट्टाइहाल्थिन्।

“हेर्नोस् त, कति राम्रो सल्लाको रुख।”- सोफियाले एउटा रुखतिर औंलाले देखाउँदै प्रफुल्ल स्वरमा भनिन्। आमा थामिइन् र त्यस रुखतिर हेर्न थालिन् र सल्लाको त्यो रुख अरू अनगिन्ती रुखहरू भन्दा केही फरक थिएन।

“हो, राम्रो रुख छ।”- आमाले हाँस्दै भनिन् र सोफियाको कान नजीकै हावामा फरफराइरहेको सेतो कपालको लटातिर हेरिन्।

“उः भारद्वाज चरो।”- सोफियाका खैरा आँखा स्नेहपूर्वक चम्किन थाले र उनले स्वच्छ आकाशमा गुञ्जिरहेको त्यो संगीत ध्यानपूर्वक सुन्न थाल्थिन्। कहिलेकाहीं हिंड्दाहिंड्दै उनको फुर्तिलो शरीर अकस्मात थामिन्थ्यो, अनि कुनै जंगली फूल टिपेर आफ्ना पातला फुर्तिला औंलाहरूले फूलका ती कम्पित पत्तीहरू सुमसुम्याउँथिन् र बिस्तारै कुनै मीठो धुन गुनगुनाउँथिन्।

खैरा चम्किला आँखा भएका त्यस आइमाईका यी सब कुराले आमालाई मोहित तुल्यायो र उनी सोफियाको अझ नजीक सरिन्। कहिलेकाहीं सोफियाको स्वर कडा हुन्थ्यो र उनको यो कडा स्वर सुनेर आमालाई दुःख लाग्थ्यो।

“रीबिनले मन पराउन्न होला यिनलाई...।”- आमा चिन्तित हुँदै मनमनै सोच्थिन्।

फेरि एकै छिनमा बडो स्नेहपूर्वक सीधासादा स्वरमा कुरा गर्न थाल्थिन् र आमा मुस्कुराउँदै उनका आँखामा हेर्थिन्।

“तपाईं अझ तरुनी नै हुनुहुन्छ।”- आमाले सुस्केरा हाल्दै भनिन्।

“म बत्तीस वर्षकी भैसकें।”- सोफियाले जवाफ दिइन्।

पेलागेया नीलोभ्ना मुस्कुराइन्।

“मेरो मतलब यो होइन। हेर्दा त तपाईंको उमेर अझ यसभन्दा पनि बढी लाग्छ। तर जब म तपाईंको कुरा सुन्छु र तपाईंका आँखामा हेर्दछु मलाई आश्चर्य लाग्छ, तपाईं एकदम भर्खरकी युवती जस्ती देखिनुहुन्छ, तपाईंको जीवन यति कठिन र खतरापूर्ण छ, तैपनि तपाईंको ह्दय सधैं मुस्कुराइरहेको हुन्छ।”

“मचाहिं पटक्क कठिनाइ अनुभव गर्दिन, यो भन्दा रमाइलो र आकर्षक जीवनको म कल्पनै गर्न सक्दिन...। म तपाईंलाई नीलोभ्ना भन्ने गर्छु है, पेलागेया नाम किन हो तपाईंलाई सुहाउँदैन।”

“जे मन लाग्छ, त्यही भन्ने गर्नोस्।”- आमाले विचारमग्न हुँदै भनिन् - “म तपाईंलाई हेर्छु, तपाईंको कुरा सुन्छु र सोच्न थाल्छु। यो कुरा देख्दा मलाई असाध्यै खुशी लाग्छ, तपाईंले मान्छेको ह्दयसम्म पुग्ने बाटो पहिल्याइसक्नु भएको छ। जुनसुकै मान्छेले पनि विना कुनै संकोच तपाईंलाई आफ्नो ह्दयको रहस्य बताइदिन्छ। स्वेच्छापूर्वक आफ्नो

क्रमशः चौथो पृष्ठमा

# नरबहादुरको निष्ठा : नेपाली कम्युनिष्ट आन्दोलनको प्रतिष्ठा

साउन ९ गते नेपाली कम्युनिष्ट आन्दोलनका मूर्धन्य व्यक्तित्व नरबहादुर कर्माचार्यको स्मृति दिवस मनाइयो । कर्माचार्यलाई नेपालका कम्युनिष्टले मात्र नभई आमजनताले एक अभिभावकको रूपमा उच्च सम्मान गर्दछन् । पुष्पलाल, मोहनविक्रम र निर्मल लामा जो नेपाली कम्युनिष्ट आन्दोलनका वैचारिक राजनीतिक गुरुको रूपमा परिचित छन्, एकपटक नेपाली कांग्रेसका कार्यकर्ता रहिसकेका छन् तर कर्माचार्यको राजनीतिक जीवन नेकाभन्दा फरक र जेठो सङ्गठनबाट सुरु भएको छ । उहाँ बामधारामा रहँदै कम्युनिष्ट पार्टीमा संस्थापक नेताको हैसियत प्राप्त गर्नुभएको थियो ।

नेपाल कम्युनिष्ट पार्टीको स्थापना २००९ सालको लेनिन जयन्तीको दिन भयो । पुष्पलालको नेतृत्वमा पार्टी गठनको घोषणा गर्न जुटेका चारजनामध्ये नरबहादुर कर्माचार्य, निरञ्जन गोविन्द वैद्य र नारायण विलास जोशी संलग्न हुनुहुन्थ्यो( । पछि सेप्टेम्बर १५ मा घोषणापत्र सार्वजनिक गर्दा मोतीदेवी पनि सँगै हुनुहुन्थ्यो । मोतीदेवीलाई संस्थापकको सूचीमा राख्न स्थापना दिवस सेप्टेम्वरलाई मान्ने गरियो । संस्थापक टिममा रहेर पनि प्राविधिक कारणले संस्थापक बन्न नपाएका देवेन्द्रलाल श्रेष्ठ पनि हो । पाटनका तीन लालमध्येका एक लालका देवेन्द्रलाल नरबहादुर कर्माचार्यसँगै आजीवन क्रियाशील राजनीतिक जीवन बिताउनुभयो ।

मनमोहनलगायतको एउटा समूह नेकपामा सामेल भएदेखि क्रमशः संस्थापक किनारा लाग्ने स्थिति बन्यो र देवेन्द्रलाल पनि पछि पर्न थाल्नुभयो तर बडाहाकिम पद छोडेर कम्युनिष्टसँगै रहनुभयो निर्मल लामाको नाम जोडिँदा छुटाउनै नहुने एउटा नाम दिलबहादुर श्रेष्ठ पनि हो जो उपत्यकाको किसान आन्दोलनको अग्रणीमा पर्नुहुन्छ । सिद्धिलाल तुलसीलालसँग जोडिएर रहँदाअर्थात् तेस्रो महाधिवेशनको नेतृत्व अकर्मण्य रहँदा पनि भ्यालीको आन्दोलनमा आफ्ना स्पष्ट विचारसहित पूरै क्रियाशील रहँदै कामरेड नरबहादुर कर्माचार्य चौथो महाधिवेशनको पक्षमा उभिनु भयो । त्यति बेला कामरेड निरञ्जन गोविन्द वैद्य स्वध्याय, लेखन र प्रकाशनसँगै प्रगतिशील पुस्तक बेचेर सन्तुष्ट रहनुभयो । तर कर्माचार्य सक्रिय राजनीतिमा लागिरहनुभयो । एकता केन्द्र गठन हुँदा केन्द्रीय सल्लाहकार समितिको प्रमुख पदमा रहेका नरवहादुर कर्माचार्य दोस्रो पटक केन्द्रीय भूमिकामा देखिनुभयो । एकता केन्द्रको विभाजनपछि अन्तरिम पार्टी प्रमुखको भूमिकामा पुग्नुभएका कर्माचार्यले हासिल गरेको यो नै उहाँको जीवनको सर्वोच्च राजनीतिक पद थियो । तर पदमा रहनु र नरहनुले बहाँको राजनीतिक भूमिकामा कुनै फरक परेन उहाँ सधैँ सक्रिय राजनीतिक भूमिकामा रहिरहनुभयो ।

उहाँ अत्यन्त सहयोगी स्वभावको ब्यक्ति हुनुहुन्थ्यो । म इसासको स्थापना भेलामा भाग लिन सायद जीवनको पहिलो पटक काठमाडौँ आउँदा मेरो सम्पर्क ब्यक्ति र आश्रयदाता र कार्यक्रमस्थलसम्म पुऱ्याउन उहाँले नै भूमिका खेल्नुभएको थियो । मेरो उहाँसँगको पहिलो भेट र परिचय त्यही नै थियो । संयोगले २०५४ देखि ५९ सम्म एउटै कमिटीमा रहने अवसर जुऱ्यो । संस्थापकसँग एउटै कमिटीमा रहनु मेरो जीवनको सार्थक समय हो भन्ने लाग्छ । एकताकेन्द्र बनेपछि पार्टीको नेतृत्वको हैसियतले भूमिगत केन्द्रीय कार्यालय स्थापना गर्न रहन बस्न र गोपनीयता कायम रहन कर्माचार्यको महत्वपूर्ण अभिभावकीय भूमिका रहेको छ । बिना भेदभाव पार्टी साथी र नेतृत्वलाई सहयोग गरने उहाँको कार्यशैली अनुकरणिय छ । साथै देखिएका कमीकमजोरीमा खुलस्त आलोचना गर्न सक्ने हैसियत पनि अनुकरणीय छ भन्ने लागेको छ ।

**विचार दृष्टिकोण**

**लेखराज रेग्मी**

संस्थापक समितिको कार्य विभाजनमा मजदुरको जिम्मेवारी पाउनुभएका कर्माचार्य केही समय विराटनगरमा रहेर पार्टी काम अगाडि बढाउनुभयो भने निरञ्जन गोविन्द वैद्य भने वीरगञ्जलाई कर्मथलो बनाउँदै बारा पर्साका किसानलाई सङ्गठित गर्न लाग्नुभयो । कामको सिलसिलामा भारतीय कम्युनिष्ट पार्टीका सदस्य बनिसकेका मनमोहन पनि नेपालमा चलेको राणा विरोधी आन्दोलनमा सामेल हुन विराटनगर (गृह जिल्ला) मा आएर मजदुरबीचमा काम गरिरहनुभएको थियो ।

विराटनगरका कारखाना मजदुरको २००७ को क्रान्तिमा महत्वपूर्ण भूमिका छ र त्यही समयमा छोटो अवधिमै नेकपाको विस्तार जुन ढङ्गले भयो कर्माचार्यलाई यसले स्थापित गरेको छ । आज ट्रेड युनियनको इतिहासबारे चर्चा गर्नेले यसलाई छुटाउनु हुँदैन भन्ने लाग्छ ।

त्यस्तै वीरगञ्ज क्षेत्रको मजदुर आन्दोलनमा स्थापनाकालीन भूमिकामा पनि उहाँलाई पाउन सकिन्छ । साथै, निरञ्जन गोविन्द वैद्यसँगको सहकार्यमा त्यस क्षेत्रमा कम्युनिष्ट पार्टी र आन्दोलनको उठानमा पनि उहाँको उल्लेख्य भूमिका छ । नेपाली कांग्रेसको नेतृत्वमा भइरहेको सशस्त्र क्रान्तिको समयमा पार्टी नीतिअनुसार भाग लिने नीति तथा भूमिगत पार्टी भूमिकाबीच तालमेल गर्दा बाह्यरूपमा कांग्रेसमय देखिएको भए पनि त्यतिबेला कम्युनिष्ट पार्टीको विस्तार अत्यधिक नै रह्यो र किसान सङ्घ मजदुर सङ्गठनमा बलियो कम्युनिष्ट प्रभाव रहेको पाइन्छ । यसको श्रेय संस्थापकको हैसियतले कार्यक्षेत्रमा खटेर काम गरेबापत कर्माचार्य र निरञ्जन गोविन्द वैद्यलाई जान्छ । राजनीतिकरूपमा २००७ को क्रान्ति दिल्ली सम्झौता र सन १९५० को असमान सन्धिको विरोध पार्टीको घोषित नीति रहनु र यसको विरुद्ध सशक्त आन्दोलन हुनुले स्वभाविक सीमा र कमजोरीका बाबजुद संस्थापक नेतृत्व टिम त्यसैले उहाँमा आवश्यक राजनीतिक स्पष्टता रहेको पाइन्छ ।

नेपाली कम्युनिष्ट पार्टीको स्थापनाकालमा अन्तर्राष्ट्रिय जगत्मा अतन्त प्रभाव र तरङ्ग पैदा गर्ने दुईवटा घटनालाई याद गर्नुपर्ने हुन्छ । सोभियत सङ्घको अगुवाइमा फासिष्ट तथा नाजीवाद विरुद्ध निर्णायक युद्धमा बिजय प्राप्त भयो । सर्वाधिक शक्तिशाली जर्मन साम्राज्यवादले स्तलिनको नेतृत्वको सोभियत सङ्घसँग घुँडा टेक्यो । यसले दुनियाँभरमा राष्ट्रिय मुक्ति सङ्घर्षको बिगुल बज्न थाल्यो । सर्वशक्तिमान बृटिश साम्राज्यवादले हिन्द प्रशान्त क्षेत्रबाट हात धोयो । छिमेकी भारत स्वतन्त्र भयो । त्यतिबेला भारतको कम्युनिस्ट आन्दोलन सशक्त ढङ्गले स्थापित भइरहेको थियो । साथै, जापानी साम्राज्यवाद दोस्रो विश्वयुद्धको पराजयसँगै चीनबाट पनि पराजित भएर बाहिरियो । जापान विरोधी युद्धको क्रममा कामरेड माओको नेतृत्वमा सैनिक तथा राजनीतिक रूपमा अनुभव स्पष्टता र शक्ति आर्जन गरेको चिनियाँ कम्युनिष्ट पार्टीले गृहयुद्धमा पनि बरद कायम गऱ्यो ।

अमेरिकी साम्राज्यवादको गोटी बनिसकेको च्याङ काइ सेक नेतृत्वको प्रतिक्रियावादी मोर्चा हार र प्रशान्त क्षेत्रबाट अमेरिकी वर्चश्वसमेत गुम्ने गरी अमेरिकी पराजयसँगै चिनियाँ कम्युनिष्ट पार्टी र माओको प्रभाव विश्वव्यापी रूपमा बढिरहेको थियो । नेपाल यी दुवै घटनाबाट प्रभावित हुँदै कम्युनिष्ट आन्दोलनको दिशामा बेगवान ढङ्गले विस्तार र विकसित भइरहेको थियो । नयाँ जनवादी क्रान्तिको नीति तय हुनुमा यिनै कारणले बढी भूमिका खेलेको र सशक्त किसान आन्यदोलनको विस्तार पनि भइरहेको थियो । यही समयमा नेपाली कम्युनिष्ट आन्दोलनमा प्रभाव पार्ने तीनवटा घटना देखापरे । पहिलो, कम्युनिष्ट पार्टीमाथि प्रतिवन्धको घोषणा गरियो, दोस्रो, डा के आइ सिंहको विद्रोह र तेस्रो भीमदत्त पन्तको नेतृत्वको किसान बिद्रोह दमन गर्न भारतीय सेनाको प्रवेश । यही पृष्ठभूमिमा कामरेड मनमोहनलगायतका नेताहरूको कम्युनिष्ट पार्टीमा प्रवेश भयो । त्यसपछिको पार्टी केन्द्रको शक्ति सन्तुलन र परिस्थितिको प्रतिकुलताको मूल्याङ्कनसहित भीमदत्त पन्तको नेतृत्वमा उठेको किसान आन्दोलनको जिम्मेवारी लिन पार्टीले इन्कार गऱ्यो । उपत्यका तथा बारा पर्सा रौतहटको किसान आन्दोलनबाट हात झिक्यो र प्रतिबन्ध फुकुवाको लागि दरबारमा लिखित बिन्तीपत्र हाल्यो ।

यही क्रममा पार्टीको नेतृत्वको परिवर्तन गरिएको थियो तथा उपरोक्त सबै काम मनमोहनको नेतृत्वमा भएका थिए । तर रेङ्क एण्ड फाइल यसमा सन्तुष्ट थिएन र कर्माचार्य रेङ्क एण्ड फाइलसँगै उभिनुभयो । क पुषपलालबाहेक सबै संस्थापक केन्द्रीय समितिमा पर्नुभएन । उहाँहरू मतभेदसहित पार्टीमा सकृय रहनुभयो । मनमोहन चीनमा उपचारको लागि जानुभयो र पार्टी नेतृत्व रायमाझीको हातमा आयो । त्यतिबेला भ्यालीमा निर्मल लामा र पश्चिममा मोहनविक्रम उदीयमान युवा नेतृत्वको रूपमा पार्टीको केन्द्रीय राजनीतिमा देखा परिरहेका थिए । कामरेड नरवहादुर निर्मल लामाको संरक्षकदेखि सहयोगीको भूमिकामा अन्तिमसम्म देखिनुभयो । चौथो महाधिवेशनको फुट र एकता केन्द्रको विभाजनमा उहाँ निर्मल लामासँगै रहनुभयो ।

कामरेड कर्माचार्य नीतिगत विमतिका बाबजुद पार्टीको औपचारिक नीति निर्णय र नेतृत्वको पक्षमा रहनुभयो । निर्मल लामाको अगुवाइमा चौथो महाधिवेशन २०३६ को जनआन्दोलनमा अग्रणी भूमिकामा देखा पऱ्यो र नेपालको सर्वाधिक लोकप्रिय र अग्रणी भूमिकासहित सङ्गठनात्मक विकास र विस्तार भयो । यही समयमा पार्टीभित्र निर्मल लामालाई नेतृत्वबाट हटाउने काम हुन थाल्यो । नरबहादुर लामाको पक्षमा उभिनुभयो तर भक्तबहादुर श्रेष्ठ महामन्त्री भइसकेपछि बिना आग्रह नेतृत्वलाई सहयोग गर्नुभयो । त्यस्तै २०४६ को आन्दोलनपश्चात् पार्टी एकताको लागि पहलकदमी लिनुभयो र उहाँ मोहनविक्रमसहितको एकताको पक्षमा उभिनुभयो । एकता केन्द्र बनिसकेपछि उहाँले प्रचण्डलाई पार्टी नेतृत्वको रूपमा खुलेर सहयोग गर्नुभयो । वैचारिक मतभेद त थिए तर पार्टी विभाजन पूर्व नेतृत्वको सम्मान रक्षा र सहयोगमा कुनै कमी देखिएन । विभाजनपश्चात् पुर्नगठनको दायित्व निर्वाह गरेका कर्माचार्य अन्तिमसम्म एकताको पक्षमा उभिनुभयो । राष्ट्रिय भेलापश्चात् नारायणकाजीलाई सहज ढङ्गले नेतृत्व स्वीकार्नु भयो । यसरी एउटा अनुशासित अविश्रान्त सदाबहार कम्युनिष्ट जीवन अन्तिमसम्म बिताउनुभयो ।

उहाँले कहिल्यै राजनीतिमा छलछाम गर्नुभएन र रुचाउनुभएन । नेतृत्वप्रतिको उहाँको असन्तुष्टि धेरैजसो यसै सवालमा रहनेगर्थ्यो । तर कतै कुनै प्रसङ्गमा छरपष्ट पोखिएको पाइएन । उहाँसँग महत्वाकांक्षा थिएन र यसलाई अरुमा पनि रुचाउनुभएन । यसलाई पुष्टि गर्ने धेरै घटनाहरू यादमा छन् । निरञ्जन गोविन्द वैद्यको पार्टी सदस्यता पुनर्जीवित गराउने काममा उहाँको महत्वपूर्ण भूमिका रह्यो । यसले पनि देखाउँछ कि उहाँ सबै कम्युनिष्ट एक ठाउँमा रहेको देख्न चाहनु हुन्थ्यो । हाल उहाँको नाममा प्रतिष्ठान गठन भएको छ । यस प्रतिष्ठानले उहाँको इतिहास र विचार पक्षको कुशल बाहक बनेर रहने विश्वास गरिएको छ ।



# ... आमा– ९

आत्मा अगाडि खोलेर राखिदिन्छ। जब म तपाईंहरू सबैको बारेमा सोच्न थाल्छु तब मलाई विश्वास हुन थाल्छ, तपाईंहरूले मानिसको जीवनबाट सब कसिंगर निकालेर फालिदिनुहुनेछ, मलाई पूरा विश्वास छ।"

"हाम्रो विजय अवश्यम्भावी छ, किनभने मजदूरवर्ग हाम्रो साथ छ।"- सोफियाले ठूलो विश्वाससहित भनिन् - "मजदूर जनतामा एक महान् शक्ति लुकेर रहेको छ र उनीहरू साथ लाग्दा सब कुरा सम्भव हुन जान्छ। हामीले खालि उनीहरूको त्यस चेतना मात्र बिउँझाइदिनुपर्छ, जसलाई हुर्कन दिइरहेका छैनन्.. ।"

उनको कुरा सुनेर आमाको हृदयमा विभिन्न भावनाहरू पैदा भए। किन हो, उनलाई सोफिया माथि दया लाग्यो, तर यो त्यस्तो दयाको भावना थियो जसमा उपकारको होइन, मित्रताको भावना थियो। उनलाई सोफियाबाट अरू पनि कुरा सुन्ने इच्छा भयो, अघिकै जस्ता सीधासादा...।

"तपाईंहरूको यस परिश्रमको लागि कसले पुरस्कार देला र ?"- आमाले उदास हुँदै बिस्तारै सोधिन्।

"हामीले आफ्नो मेहनतको फल पाइसकेका छौं।"- सोफियाले जवाफ दिइन्। उनको स्वरमा गर्वको भावना भएजस्तो लाग्यो आमालाई : "हामी आफूले चाहेजस्तो जीवन बिताउँदै छौं, हाम्रो आत्मा पूर्णतः स्वतन्त्र छ, फेरि अरू चाहना नै के गर्न सकिन्छ र ?"

आमाले सोफियातिर हेरिन् र तुरुन्तै आँखा झुकाइन्, अनि सोच्न थालिन् : 'मन पराउन्न मिखाइलले यसलाई...।'

आफ्नो गहिरो सासले त्यो मीठो हावा तान्दै उनीहरू छिटोछिटो हिंडिरहेका थिए, तर उनीहरू हतारो पनि गरिरहेका थिएनन्, आमालाई उनीहरू कुनै तीर्थ यात्रामा जाँदैछन् जस्तो लाग्दैथियो। आमालाई सम्झना भयो। किशोरावस्थामा पर्वको समयमा गाउँबाट धेरै टाढा रहेको गिर्जाघरमा जाँदा उनी कसरी रमाउने गर्थिन्। त्यस गिर्जाघरमा गजबको देव प्रतिमा थियो।

सोफिया बीचबीचमा आफ्नो मधुर स्वरले आकाश अथवा प्रेमबारे कुनै नयाँ गीत गाउँदथिन्, फेरि खेत, जंगल अथवा भोल्गा नदीबारे कविताहरू सुनाउँदथिन्। आमा ती कविताहरू सुनेर मुस्कुराउँथिन्। यस्तैमा अनायास आमालाई संगीतको नशाले छोप्यो र कविताको धुनमा टाउको हल्लाउन थालिन्।

आमाको हृदयमा कस्तो शान्ति, कस्तो उल्लास र गम्भीरता छाएको थियो भने उनलाई लाग्दै थियो- अहिले गर्मीको साँझ छ र उनी कुनै सुन्दर बगैंचाको कुनामा बसेर आराम गरिरहेकी छिन्।

तेस्रो दिन दुवै आइमाई गाउँमा आइपुगे। आमाले खेतमा काम गरिरहेको एकजना किसानसँग तारकोल कारखानाको ठेगाना सोधिन् र छिट्टै उनीहरू जंगलको एउटा भिरालो पाखोबाट ओर्लंदै थिए, जहाँ रुखका जराहरू कसरी जमिनबाट बाहिर निस्केका थिए भने साँच्चीको भऱ्याङ जस्तो देखिन्थ्यो। एक छिनपछि उनीहरू एउटा खुला मैदानमा आइपुगे, जहाँ चारैतिर कोइला र काठका छेस्काहरू छरिएका थिए, जतातातै टारकोल पोखिएको थियो।

"लौ, आइपुगियो।"- आमाले चिन्तित दृष्टिले चारैतिर हेर्दै भनिन्। रुखका हाँगाहरूले बनेको सानो छाप्रो अगाडि मुढाहरूको टेकोमा तीनवटा खम्बा फल्याकहरू बिछ्याएर टेबुल बनाइएको थियो। टारकोलको दागले एकदम कालो देखिने रीबिन, एफिम र अरू दुई युवकहरू टेबुल वरिपरि बसेर खाँदै थिए। रीबिनले आफ्नो कमीजको टाँक खोलेको थियो। सबैभन्दा पहिले रीबिनले नै ती आइमाईहरूलाई देख्यो। उसले केही नभनी हत्केलाले घाम छेक्दै उनीहरूलाई पर्खेर बस्यो।

"नमस्कार, मिखाइल भाइ।"- आमाले टाढैबाट ठूलो स्वरले कराउँदै भनिन्।

रीबिन उठ्यो र बिस्तारै उनीहरूतिर बढ्यो। आमालाई चिनेपछि ऊ थामियो र आफ्नो कालो हातले दाढी सुमसुम्याउँदै मुस्कुराउन थाल्यो।

"हामी तीर्थयात्रा गर्न निस्केका।" आमाले उसको नजीक पुगेर भनिन् - "सोचें, बाटै पर्छ, आफ्नो भाइको हालखबर पनि बुझेर जाउँ। यी मेरी मितिनी हो, आन्ना....।"

आफ्नो यस चलाकीप्रति गर्व गर्दै उनले कठोर र गम्भीर अनुहार लाएर उभिएकी सोफियालाई आँखा सन्काएर इशारा गरिन्।

रीबिनले आमासँग हात मिलायो र सोफियातिर झुकेर अभिवादन गऱ्यो, अनि खिन्नतापूर्वक मुस्कुराउँदै भन्यो - "के हालखबर छ, बताऊ ? यहाँ झुटो नबोले पनि हुन्छ, यो शहर होइन, यहाँ झुटो बोल्न जरुरत छैन। सब आफ्नै मान्छे हुन्...।"

एफिमले टेबुल अगाडि बस्याबस्यै यात्रीहरूतिर हेऱ्यो र साथीहरूको कानमा केही कुरा भन्यो। आइमाईहरू टेबुल नजीक आइपुगेपछि ऊ उभियो र झुकेर अभिवादन गऱ्यो। उसका अरू दुईजना साथीहरूचाहिँ अतिथीहरूलाई देख्यानदेख्यै गरेर बसिरहे।

"हामी यहाँ सन्यासी जीवन बिताउँदै छौं।"- रीबिनले बिस्तारै पेलागेया नीलोभ्नाको काँध थपथपाउँदै भन्यो - "यहाँ कोही पनि हामीलाई भेट्न आउँदैनन्, फेरि मालिक पनि गाउँमा छैनन्, स्वास्नीलाई अस्पताल लगेर राखेको छ। एक किसिमले म नै अहिले यहाँको सर्वेसर्वा छु। आउनोस्। बस्नोस्। चिया पिउनुहुन्छ केही खाना पनि खानुहुन्छ कि ? एफिम, खोइ अलि दूध लिएर आउ न।"

एफिम बिस्तारै छाप्रोतिर लाग्यो, यात्रीहरूले आफ्ना झोलाहरू उतारेर जमिनमा राखे। अग्लो पातलो युवक उठ्यो र उनीहरूलाई मद्दत गर्न थाल्यो, गठिलो शरीर र छिरलिएका केश भएको अर्को युवकचाहिँ कुहिनो टेबुलमा अडाएर विचारमग्न हुँदै उनीहरूलाई हेरिरहेको थियो। ऊ बीचबीचमा टाउको कन्याउँदै कुनै धुन गनगुनाउँदथ्यो।

तारकोल र सडेका झारपातको दुर्गन्धले दुवै आइमाईको टाउको घुमाउन थाल्यो।

"यो याकोभ हो।"- अग्लो केटोतिर देखाउँदै रीबिनले भन्यो - "ऊ त्यो चाहिं इग्नात हो। अँ, तिम्रो छोराको हालखबर के छ नि ?"

"जेलमा छ।"- आमाले सुस्केरा हाल्दै भनिन्।

"फेरि ?"- रीबिनले झर्किंदै सोध्यो - "उसलाई जेलको हावा मनपरे जस्तो छ...।"

इग्नातले गाना बन्द गऱ्यो, याकोभले आमाको हातबाट लठ्ठी लियो र भन्यो :

"बस्नोस्।"

"तपाईं किन उभिनुभएको नि ? बस्नोस् न।"- रीबिनले सोफियालाई भन्यो। सोफिया चुपचाप एउटा रुखको ठुटोमा बसिन् र ध्यानपूर्वक रीबिनतिर हेर्न थालिन्।

"कहिले समातेर लगे ?"- आमानेर बस्दै रीबिनले सोध्यो - "नीलोभ्ना, तिम्रो भाग्य नै खराब रहेछ।"- उसले टाउको हल्लाउँदै भन्यो।

"केही छैन।"- आमाले भनिन्।

"बानी पर्न थालेछ कि क्या हो ?"

"होइन, बानी त पर्थ्यो र, तर बुझ्छु, अर्को उपाय कति त केही छैन।"

"हुँ, हुँ।"- रीबिनले भन्यो - "लौ, भन त के भएको थियो...।"

एफिम एउटा भाँडोमा दूध लिएर आइपुग्यो। उसले टेबुलबाट कप उठाएर पखाल्यो र त्यस कपमा दूध खन्याएर सोफियालाई दियो। ऊ बडो ध्यानपूर्वक आमाको कुरा सुन्दै थियो। एफिम सब काम बडो सावधानीसाथ, आवाज ननिकाली गर्दै थियो। आमाले आफ्नो कुरा सुनाइसकेपछि उनीहरू एकछिनसम्म एक दोस्रोको मुख हेरेर चुपचाप बसिरहे। इग्नात नङले कोतर्दै टेबुलमा केही चित्रहरू बनाइरहेको थियो। एफिम रीबिनको काँधमा हात राखेर उसको पछाडि उभिएको थियो। याकोभचाहिँ रुखमा अडेस लाएर उभिएको थियो, उसले दुवै हात छातीमा राखेको थियो र टाउको झुकाएको थियो। सोफिया चुपचाप बडो ध्यानपूर्वक यी किसानहरूलाई हेर्दै थिइन्...।

"हँ, हँ।"- रीबिनले बिस्तारै बडो नीरस भावले भन्यो - "ए, त्यसो भए खुल्लमखुल्ला मैदानमा उत्रन थालेछन्...।"

"हामीले यहाँ गाउँमा त्यस्तो जुलुस निकालेको भए यहाँका मानिसहरूले हाम्रो कस्तो मारपीट गर्थे होलान् भने ज्यानै लिएर मात्र छोड्थे।"- एफिमले अँध्यारो मुख लाएर मुस्कुराउँदै भन्यो।

"हो मारेरै छोड्ने थिए।"- इग्नातले टाउको हल्लाउँदै आफ्नो सहमति जनायो - "म त गएर कुनै कारखानामा काम गर्न थाल्नेछु, त्यहीं बेस..।"

"त्यसो भए पाभेलमाथि मुद्दा चलाउँदै छन्, होइन ?"- रीबिनले सोध्यो - "कस्तो सँजाय देलान्, केही थाहा छ ?"

"कालापानी पठाउलान् कि सधैंको लागि साइबेरिया पठाउलान्...।"- आमाले बिस्तारै भनिन्।

तीनै युवकहरूले एकैचोटी आमालाई हेरे।

"जुलुस निकाल्दा उसलाई थाहा थियो- कस्तो सँजाय हुनसक्छ ?"- रीबिनले टाउको झुकाउँदै बिस्तारै सोध्यो।

"किन थाहा नहुनु र।"- सोफियाले चर्को स्वरमा भनिन्।

सब चुपचाप बसेका थिए, मानौं यस भयंकर विचारसम्मले पनि उनीहरूको रगत जमाउँदै थियो।

"ए..." रीबिनले बडो गम्भीर र अर्थपूर्ण तरीकाले भन्यो - "मलाई पनि त्यस्तै लाग्छ, उसलाई अवश्य थाहा थियो। ऊ आँखा बन्द गरेर अँध्यारोमा हामफाल्ने मान्छे होइन, बडो गम्भीर स्वभावको छ। सुन्यौ केटा हो ? उसलाई थाहा थियो, या त गोलीले भुटिनेछ, या त कालापानीको बास हुनेछ, तर अलिकति पनि हिच्किचाएन। यदि आफ्नै आमा बीच बाटोमा आएर उभिदिएकी भए पनि वास्तै नगरी अगाडि बढ्थ्यो होला। होइन त नीलोभ्ना ?"

"हो जान्थ्यो होला।"- आमाले झस्किंदै भनिन्, अनि लामो सुस्केरा हालिन्, र चारैतिर हेरिन्। सोफियाले चुपचाप उनको हात थपथपाइन् र आँखीभौं खुम्च्याउँदै रीबिनतिर हेरिन्।

"यस्तो पो हुनुपर्छ मान्छे।"- रीबिनले गम्भीर दृष्टिले सबतिर हेर्दै भन्यो। फेरि सब चुप लागे। सूर्यको पातलो किरण कुनै सुनौलो झल्लर जस्तो वायुमण्डलमा लहराउँदै थियो। कतै कागको का..का.. आवाज सुनिंदै थियो। मे दिवसको सम्झनाले आमाको हृदय दुःखित भयो। पाभेल र आन्द्रेइको सम्झनाले उनलाई पिरोल्दै थियो। त्यो सानो मैदानमा जताततै तारकोलका खाली ढ्वाङहरू पडिरहेका थिए। रुखका ठुटाहरू चारैतिर फ्याँकिएका थिए। मैदान वरिपरिबाट अर्खौला र भोजवृक्षका बाक्ला झाडीहरूले घेरिएको थियो र ती निश्चल रुखहरूका काला छायाँहरू जमिनमा पर्दै थिए।

याकोभ अकस्मात रुखबाट हट्यो र एकातिर लाग्यो।

"मलाई र अफिमलाई फौजमा लिएर के यस्तै मान्छेहरूको विरुद्ध त लड्न पठाउने होइनन् ?"- उसले टाउको पछाडितिर झट्कार्दै चर्को स्वरमा सोध्यो।

"अनि तिमीले कसको विरुद्ध लड्न पठाउँलान् भन्ने ठानेका थियौ त ?"- रीबिनले निदाउरो मुख लाउँदै सोध्यो। उनीहरू हामीलाई आफ्नै हातले आफ्नो घाँटी अँठ्याउन बाध्य गर्छन्- यही त हो सब चटक।"

"तर म त जे भए पनि फौजमा जान्छु।"- एफिमले जिद्दी कस्दै भन्यो।

"तिमीलाई कसले रोकेको छ र ?" इग्नातले चिल्लाउँदै भन्यो। "जाऊ, अहिले गएर भर्ना होऊ। तर एउटा कुरा याद राख्नु।"- उसले मुस्कुराउँदै भन्यो - "मलाई गोली हान्दा ठीक टाउकोमा निशाना लाउनु- मलाई अपाङ बनाएर नछोड्नु, एकैचोटि काम खतम पारिदिनु।"

"अगाडि एकपल्ट पनि तिमीले यस्तै कुरा गरिसकेका छौ।"- एफिमले झर्कंदै भन्यो।

"भैहाल्यो केटा हो, चुप लाग।"- रीबिनले हातको इशाराले उनीहरूलाई शान्त पार्ने कोशिश गर्दै भन्यो र फेरि आमातिर संकेत गर्दै भन्न थाल्यो - "हेर यी आइमाईलाई। हुनसक्छ, यिनले सधैंको लागि आफ्नो छोरालाई गुमाइसकेकी छिन्...।"

"किन तिमी यस्तो कुरा गर्छौ ?।"- आमाले उदास स्वरमा बिस्तारै भनिन्।

"नभनेर हुँदैन।"- रीबिनले गम्भीरतापूर्वक जवाफ दियो - "यस निमित्त भन्नुपर्छ - तिम्रो फुलेको कपालको महत्व थाहा पाउन्। तर के तिमीहरू ठान्छौ उनीहरू यस आइमाईको आत्मा दबाउन सफल भए ? नीलोभ्ना, किताब ल्याएकी छौ ?"

आमाले रीबिनलाई हेरिन् र एकछिन चुप लागिसकेपछि जवाफ दिइन् - "हो, ल्याएकी छु...।"

"देख्यौ।"- रीबिनले टेबुलमा मुड्की बजार्दै भन्यो - "मैले त अघि नै बुझिसकेको थिएँ। अरू कुन कारणले तिमी यति टाढा आउँथ्यौ र ? देख्यौ ? उनीहरूले छोरालाई संघर्षको मैदानबाट हटाइदिए त आमा छोराको ठाउँमा उभिइन्।"

उसले आफ्नो मुठी हल्लाउँदै आमाचकारी गाली गऱ्यो।

आमाले तर्संदै उसतिर हेरिन्, उसको अनुहार पहिले भन्दा दुब्लो पातलो देखिन्थ्यो, दाढी जिङरिङ परेका थिए र दाह्रीमुनि गालाको हड्डी स्पष्ट देखिन्थ्यो। उसका नीला आँखामा राताराता धर्काहरू देखिन्थे, मानौं ऊ धेरै दिनदेखि सुतेको थिएन। उसको नाक शिकारी चराको ठुँडो जस्तो तीखो र टेढो थियो। उसको कमीज कुनै बेला रातो रङको थियो होला तर अहिले तारकोलको दागले कालो भैसकेको थियो। उसको कैलो मुखाकृति सधैंभन्दा बढी खिन्न र शोकपूर्ण लाग्थ्यो। उसका सुनिएका आँखामा क्रोधको ज्वाला दन्किरहेको थियो जसले गर्दा उसको उदास अनुहारमा पनि चम्काहट झल्किन्थ्यो। सोफिया टाउको झुकाएर चुपचाप बसेकी थिइन् र ती किसानहरूलाई एकटकले हेर्दै थिइन्। इग्नात आँखा खुम्च्याउँदै टाउको हल्लाइरहेको थियो। याकोभचाहिँ फेरि छाप्रो अगाडि गएर उभिएको थियो र रीसले काठको बोक्रा खुर्कंदै थियो। एफिम आमाको पछाडितिर टेबुलनेर ओहोर-दोहोर गर्दै थियो।

"हालसालैको कुरा हो।"- रीबिनले भन्यो। "जिल्लाको हाकिमले मलाई डाकेर सोधेको थियो - 'तँ बदमाशकहाँको, तैंले पादरीलाई के भनेको थिइस् ?' मैले भनें: 'म केको बद्माश र ? रगत पसीना बगाएर आफ्नो पेट पाल्छु, कसैको केही बिगार गरेको छैन।' ऊ बडो बम्कियो र मेरो दाँतमा बडो जोडले एक घुस्सा हिर्कायो, फेरि तीन दिनसम्म जेलमा थुनेर राख्यो। ए, त्यसो भए यही रहेछ गरीबहरूसँग कुरा गर्ने तेरो चाला, मैले सोचें। ठीक छ चण्डाल, म कुनै दिन तँलाई यसको मजा चखाउँला। मैले नभए अरू कसैले, तँ फुत्किस भने पनि यस अपमानको बदला तेरा सन्तानहरूले चुकाउनेछन्- याद राख। तिमीहरू आफ्ना फलामको पञ्जाले जनताको छाती कोतर्दै छौ र उनीहरूको हृदयमा घृणाको बीउ रोप्दै छौ भने चण्डालहरू, दया मायाको तिमीहरूले आशै नराखे हुन्छ। लौ, यही हो।"

उसको हृदय रीसले उम्लँदै थियो र मुख रातोपिरो भैसकेको थियो, उसको आवाज कति चर्को थियो भने आमा तर्सिन्।

"मैले पादरीलाई त्यस्तो भनेकै के थिएँ र ?"- उसले अलि शान्त भैसकेपछि भन्या - "एकपल्ट गाउँको सभा सकिएपछि ऊ केही किसानहरूसँग कुराकानी गर्दै थियो र भन्दै थियो- 'साधारण मान्छेहरू भेडाको बथान जस्ता हुन्छन्, उनीहरूलाई तहलाउन सधैं गोठालेको जरुरत पर्छ।' 'ए, त्यसो रहेछ।'- मैले पनि टट्टैठट्टामा भनिदिएँ - 'यदि फ्याउरोलाई चराहरूको रखवारी गर्न दिने हो भने पखेटाहरू त थुप्रै भेट्टाइएलान् तर चराहरूको चाहिं बेपत्ते हुन्छन्।' उसले मतिर फर्केर हेऱ्यो र फेरि किसानहरूलाई सम्झाउन थाल्यो - 'मान्छेले धैर्य नै सिक्नुपर्छ र सहनशक्ति दिन ईश्वरसँग प्रार्थना गर्नुपर्छ।' मैले भनें - 'मान्छेले धैर्य गर्न सिक्नुपर्छ र सहनशक्ति दिन ईश्वरलाई मात्र उनीहरूको प्रार्थना सुन्ने फुर्सद नभएजस्तो छ।' अनि त के र। मेरो प्रार्थना गर्दै आइरहेको छु, जुन प्रार्थना सबै गरीबहरूले गर्दै आइरहेका छन्- हे भगवान् मलाई कुनै त्यस्तो तरीका सिकाइदे जसको सहायताले यी ठूला बडाहरूको लागि ढुङा चपाएर मुढो ओकल्न सकुँ।' तर उसले मलाई आफ्नो कुरै पूरा गर्न दिएन।' अकस्मात सोफियातिर हेर्दै रीबिनले सोध्यो - "मेमसाहेब, तपाईं पनि त कुनै घरानिया परिवारबाट आउनुभएको होला नि ?"

"किन म मेमसाहेब ?"- उसको आकस्मिक प्रश्नले झस्किंदै सोफियाले झट्ट सोधिहालिन्।

"किन रे ?"- रीबिनले हाँस्दै भन्यो। "गेरु वस्त्र लगाउँदैमा जोगी भइँदैन। के तपाईं सुतीको रुमालले टाउको बेर्दैमा मान्छेहरूबाट घरानियाँ परिवारको छाप लुकाउन सकिन्छ भन्ने ठान्नुभएको छ र ? गधा मलेर गाई हुँदैन भन्छन्। ऊ क्या तपाईं भखरै मात्र टेबुलमा के पोखिएको थियो, त्यहाँ तपाईंको कुहिनो पर्दा कस्तरी तर्सेर मुख बिगार्नुभएको थियो। अनि फेरि तपाईंको पिठ्यूँ पनि त यति सोझो छ, काम गर्ने आइमाईको यस्तो पिठ्यूँ हुनै सक्दैन...।"

रीबिनको यस क्रुर परिहासले सोफिया रिसाउने त होइन भन्ने डरले आमा बीचैमा उसको कुरा काट्दै गम्भीरतापूर्वक भनिन् -

"मिखाइल इभानोभिच, यिनी मेरी मितिनी हुन् र यिनी ज्यादै असल आइमाई छिन्। हाम्रै लागि काम गर्दा यति कम उमेरमा पनि यिनको कपाल फुल्न थालिसक्यो, तिमी अलि होशियार भएर कुरा गर है....।"

रीबिनले लामो सुस्केरा हाल्दै भन्यो -

"किन र, के मैले कुनै अपमानजनक कुरा गरें र ?"

"मलाई लाग्छ, तपाईं केही कुरा भन्न चाहनुहुन्छ।"- सोफियाले उसतिर हेर्दै रुखो स्वरमा सोधिन्।

"मैले रे ? हो, म भन्दै थिएँ, केही दिन अगाडि एक जना नयाँ मान्छे हामीकहाँ आएको छ, ऊ याकोभको भाइ पर्छ। विचरोलाई क्षयरोगले सताएको छ। डाक्ने हो की उसलाई ?"

"किन नडाक्नु र, अवश्य डाक्नोस्।- सोफियाले भनिन्।

उसले एकछिन आँखा खुम्च्याएर सोफियालाई हेरिरह्यो, अनि स्वर अलि सानो पारेर भन्यो -

"एफिम, जाऊ। गएर भन, उसलाई साँझसम्ममा यहाँ आइपुगोस्।"

एफिमले टोपी लगायो र कतै नहेरी, कसैलाई एक शब्द पनि नभनी जंगलतिर लाग्यो। ऊ गएपछि रीबिनले टाउको हल्लाउँदै भन्यो -

"बिचरो बडो पीर मान्दै छ। केही दिनपछि फौजमा लिदैछन्- याकोभ र ऊ, दुवैजनालाई। याकोभ त सीधा भन्छ- 'जान्न।' हुन त एफिम पनि सक्दैन तर ऊ जान चाहन्छ। ऊ ठान्छ सिपाहीहरूमा जागृति ल्याउन सकिन्छ। म त भन्छु टाउकोले हिर्काएर भित्ता फोड्न सकिन्न.. मान्छेको हातमा बन्दुक मात्र दिनुपर्छ अनि हेर्नु, ऊ कसरी मार्च गर्न थाल्छ। तर विचरो, असाध्यै पीर गर्दैछ। यो इग्नातचाहिँ बेकारमा बिचरोलाई सताउँदैछ।"

"किन बेकारमा।"- इग्नातले रीबिनतिर नहेरिकनै खिन्न स्वरमा भन्यो - "केही दिनमै मारपीट गरेर उसलाई यस्तरी ठीक पारिदिन्छन् कि उसले पनि अरूले जस्तै उनीहरूको इशारामा मान्छेहरूमाथि गोली चलाउन थाल्नेछ...।"

"मलाई त्यस्तो लाग्दैन।"- रीबिनले केही सोच्दै भन्यो - "अवश्य, सबैभन्दा राम्रो त्यहाँ जाँदै नजानु हो। रसिया विशाल छ कहाँ खोज्न जाउन्, नक्कली पासपोर्ट बनाएर एक गाउँबाट अर्को गाउँमा हिंड्दै गरे भैहाल्यो...।"

...क्रमशः

# विमान दुर्घटनामा परेका आफन्तको स्मरण गर्दै 'थाई मेमोरियल पार्क' मा वृक्षारोपण

**नुवाकोट ।** जिल्लाको ककनीस्थित ३१ वर्षअगाडि थाइ एयरवेजको विमान दुर्घटनामा परी ज्यान गुमाउने एक सय १३ जनाको सम्झना गर्दै स्मृति दिवस मनाइएको छ । सो विमान दुर्घटनाका मृतकहरूको स्मृतिमा निर्माण गरिएको 'थाई मेमोरियल पार्क'मा वृक्षरोपण गर्दै उनीहरूको सम्झना गरिएको हो ।

थाइ एयरवेजको दुर्घटनामा परी एक सय १३ जनाले ज्यान गुमाएको दिन मंगलबार उनीहरूको स्मृति गर्दै अनौपचारिक क्षेत्र सेवा केन्द्र (इनसेक)को आयोजना, सशस्त्र प्रहरी बल यूएन तालिम शिक्षालय, ककनीको सहकार्य, शिवपुरी नागार्जुन निकुञ्ज क्षेत्र व्यवस्थापन समिति ककनी ओखरपौवाको समन्वय र ककनी गाउँपालिका नुवाकोटको सहजीकरण वृक्षरोपण गरिएको हो ।

इन्सेकका संस्थापक महासचिव प्रकाश काफ्लेसहित एक सय १३ जनाले ज्यान गुमाएका दिनको स्मरण गर्दै इन्सेक अध्यक्ष डा कुन्दन अर्यालले भने 'उहाँहरूकै स्मृतिमा आज यहाँ वृक्षरोपण गरिएको हो ।' ३१औं स्मृति दिवस पारेर थाइ मेमोरियल पार्कमा ३१ वटा विरुवा रोपिएको छ ।

'संस्थापक महासचिव काफ्लेले मानव अधिकारको रक्षा र विकास जनताको सचेत जागरण र संगठित आवाजबाट मात्र सम्भव छ भन्नुहुन्थ्यो' डा अर्यालले भने- 'जसलाई इन्सेकले सदैव अनुशरण गर्दै आएको छ ।' उनले नेपालको हवाई सुरक्षा, व्यक्तिको सम्झना तथा पार्क व्यवस्थापनका लागि स्मृति दिवसको अवसरमा वृक्षरोपण गर्दै पार्क संरक्षणका लागि इन्सेकले पहलकदमी लिएको जानकारी दिए ।

थाइल्याण्डको बैंककस्थित डोन मुएङ्ग अन्तर्राष्ट्रिय विमानस्थलबाट काठमाडौंतर्फ आउँदै गरेको थाइ एयरवेजको 'एयरवस-३११' विमान विसं २०४९ साउन १६ गते शुक्रबार (सन् १९९२ जुलाई ३१)मा नुवाकोटको घ्याङफेदीमा दुर्घटना हुँदा विमानमा सवार चालकदलका १४ सदस्यसहित ९९ यात्रुको ज्यान गुमेको थियो ।

विमान दुर्घटनामा परेर ज्यान गुमाएका सबैको शव व्यवस्थापन गरिएको झन्डै १७ रोपनी क्षेत्रफलमा फैलिएको सो पार्कमा पुगेर हरेक वर्ष साउन १६ मा आफन्तले उनीहरूप्रति श्रद्धाञ्जली दिने गरेका छन् ।

# खडेरीका कारण मकैबाली सुक्दा कृषकलाई मर्का

**काठमाडौं ।** मध्य साउनमै खडेरी परेपछि भोजपुरमा मकैबाली सुकेको छ । खडेरीका कारण मकै सुकेर नष्ट हुन थालेपछि जिल्लास्थित अरुण गाउँपालिकाका कृषक मारमा परेका हुन् । खडेरीका कारण अरुण-६ जरायोटार र वडा नं ७ सिक्रेटारमा सबैभन्दा बढी मकै सुकेको हो ।

जरायोटार गाउँपालिकाका अध्यक्ष शालिकराम खत्रीले स्थानीय सयौं किसान परिवारले एक सय ७० हेक्टरमा लगाएको मकैबाली खडेरीका कारण नष्ट भएको जानकारी दिए । कृषि ज्ञान केन्द्रको प्रविधिक टोलीले दुवै ठाउँको अनुगमन गरेको पनि उनले बताए । उनले जरायोटारको रानीटार, बतासे र वडा नं ७ सिक्रेटारमा मकैबाली पूर्णरूपमा क्षति भएको देखिएको बताए । अध्यक्ष खत्रीले खडेरीबाट प्रभावितलाई राहत उपलब्ध गराउनेबारे छलफल भइरहे पनि बताए ।

यस्तै अरुण गाउँपालिका कृषि शाखाका प्रमुख रवीन्द्र सापकोटाले सुक्खा खडेरीबाट प्रभावितको लगत संकलन गरी राहतका लागि स्थानीय तहसँगै सम्बन्धित निकायलाई प्रस्ताव गरिने जानकारी दिए । बाढी पहिराबाट अरुण-१ र २ का बस्ती प्रभावित भएका थिए । यस वर्ष लम्पी स्किनका कारण पशुचौपायाको क्षति बेहोरेका आफूहरूलाई खडेरीले झनै पीडित बनाएको स्थानीय किसानले गुनासो पोखे ।

# राणाविरोधी आन्दोलनका योद्धा सहिद भीमदत्तको स्मृति दिवसमा विविध कार्यक्रम

**काठमाडौं ।** राणाविरोधी आन्दोलनका योद्धा तथा किसानका अगुवा सहिद भीमदत्त पन्तको सम्झना गर्दै बुधबार सुदूरपश्चिम प्रदेशभर विविध कार्यक्रमको आयोजना गरिएको छ ।

'कि त जोत हलो, कि त छोड थलो, यदि हैन भने अब छैन भलो' भन्ने नारका साथ उतिबेला किसानको पक्षमा वकालत गर्दै किसान आन्दोलनको मोर्चा सम्हालेका सहिद पन्तको स्मृति दिवसका अवसरमा कञ्चनपुरको महेन्द्रनगरस्थित पार्कमा रहेको पन्तको सालिकमा सुदूरपश्चिम प्रदेशका पूर्वमुख्यमन्त्री राजेन्द्रसिंह रावलदेखि पूर्वउपसभामुख भोजराज जोशीसम्मले माल्यार्पण गरेका हुन् । सोही अवसरमा डडेल्धुराबाट कञ्चनपुरसम्म विविध कार्यक्रमसहित सहिद पन्तप्रति सम्मान व्यक्त गरियो ।

सामन्ती संस्कारका विरुद्ध आफ्नै घरबाट विद्रोह गर्ने सहिद पन्तले भारतको उत्तर प्रदेशस्थित सिन्हाइबाट संस्कृत विषयमा हाइस्कुलसम्मको अध्ययन गरेका थिए ।

विसं १९८३ मंसिर १० गते डडेल्धुराको कारीगाउँमा जन्मेका पन्तले आन्दोलनकै क्रममा विसं २००९ मा कञ्चनपुरको ब्रह्मदेवमा लुकाएर राखिएको नुनको गोदाम कब्जा गरी किसानलाई वितरण गरेपछि उनी नेपाली र भारतीय दुवै देशका शासकहरूको आँखाको किसिङ्कर बन्न पुगेका थिए । उतिबेला कञ्चनपुरमा व्याप्त अन्याय, सामाजिक भेदभाव सहन नकेका पन्तले विसं २००७ देखि नै आन्दोलनको सुरुआत गरेका थिए ।

आन्दोलनका सुरुवाती दिनहरूमा सहिद पन्तलाई कांग्रेस भन्ने गरिए पनि विसं २००७ मा भएको दिल्ली सम्झौताको विरोध गर्दै कांग्रेस परित्याग गरेको महेन्द्रनगरका साहित्यकार हेमबाबु लेखक बताउँछन् । 'डा केआइ सिंहसित मिलेर दिल्ली सम्झौताको विरोध गर्दै पन्तले सशस्त्र क्रान्ति गर्नुभयो' हेमबाबुले भन्दछन्- 'तर उहाँ कम्युनिस्ट पार्टीको सदस्य भएको कुनै प्रमाण छैन ।' हेमबाबुले भीमदत्त महान् क्रान्तिकारी योद्धा भएको स्मरण गरे ।

'पन्त नमारिएको भए सच्चाक्रान्तिले सफलता पाउने थियो' उनले थपे- 'सामाजिक विभेद र किसानका पक्षमा वकालत गर्ने योद्धा त्यसपछि यहाँ जन्मिएको सम्झना छैन ।' गरिब, दलित र जनजाति किसानलाई संगठित गरी राणाविरोधी आन्दोलनमा समेत भीमदत्त पन्तको ठूलो भूमिका रहेको उनको भनाइ छ ।

परिवर्तनको पक्षमा कसम खाएका सहिद पन्तले दलित, मगर र थारू संगठित गरी मुक्ति सेना गठन गरेका थिए । नेपालगन्जका गौरीलाल र रूपसिंह सहयात्रीलाई साथ लिएर किसानलाई जालसाजी गर्दै तमसुक बनाउने र श्रमशोषण गर्ने ठालुलाई कारबाही गर्ने अभियानमा लागेका उनले कांग्रेससँग वैचारिक मतभिन्नता भएपछि 'जय नेपाल' भन्न छाडेर 'जय जनता' भन्न थालेको जानकारहरू बताउँछन् ।

सुदूरपश्चिम विश्वविद्यालयका पूर्वडिन टेकराज पन्तले सहिद पन्त यस क्षेत्रको अग्रणी नेता भएका बताउँदै उनले निमुखा जनताको आवाज बुलन्द गर्ने महत्वपूर्ण भूमिका निभाएको जानकारी दिए । 'धेरै पहिले यस क्षेत्रका किसान र मजदुरको हकमा ठूलै क्रान्तिको सुरुआत गर्नुभएको थियो' डा पन्तले भने 'ठूलाबडा साहुमहाजनबाट अत्याचार शोषण हुन्थ्यो, त्यसबाट उन्मुक्तिका लागि आवाज बुलन्द उहाँले नै गर्नुभएको हो ।'

पन्तको स्मृति, योगदान र जीवनीसँग सम्बन्धी विभिन्न पुस्तक समेत प्रकाशित छन् । पूर्वडिन पन्तले सहिद पन्त मानवअधिकारको ख्याल नगरी अलि बढी आक्रामक स्वभावको हुँदा छिटपुट रूपमा आलोचना समेत खेप्ने गरेको समेत बताए । तत्कालीन नेपाली र भारतीय विरोधीले उनलाई षड्यन्त्रपूर्वक निर्मम हत्या नगरेको भए यतिबेलासम्म केही नयाँ कुरा हुने डा पन्तको भनाइ थियो । 'गरिब र विपन्नको पक्षमा गरेको वकालत इतिहासको पानाबाट कहिल्यै मेटिने छैन' सहिद भिमदत्तलाई स्मरण गर्दै उनले भने ।

विसं २०१० साउन १७ गते डडेल्धुरास्थित साविकको आलिताल र डोटीको छतिवनको सिमाना क्षेत्रको गल्लेखमा खाना खाइरहेका अवस्थामा दुवै देशको सेनाको टोलीद्वारा संयुक्त रूपमा घेरा हाल्न लगाई सहिद पन्तकै मितद्वारा उनको निर्ममता पूर्वक हत्या भएको बताइए पनि हत्या आरोपीका विषयमा अझै पुष्टि भने पाइँदैन ।

# डेङ्गुबाट सुदूरपश्चिममा हजारौं सङ्क्रमित, तीनको मृत्यु

**काठमाडौं ।** यस वर्षको सुरुआटदेखि नै सताएको डेङ्गुको संक्रमणले सुदूरपश्चिम प्रदेशमा यतिबेला एक हजार ६ सय बढीमा संक्रमण फैलिएको छ । सन् २०२२ र २०२३ मा गरेर एक हजार ६ सय १४ जनामा सङ्क्रमण पुष्टि भइसकेको स्वास्थ्य निर्देशनालय सुदूरपश्चिम प्रदेशले उल्लेख गरेको छ ।

सुदुरपश्चिममा सन् २०२३ को सुरुआतदेखि हालसम्म तीन सय २५ जनामा सङ्क्रमण देखिएको सुदूरपश्चिम स्वास्थ्य निर्देशनालयका कीटजन्य रोग नियन्त्रण सम्पर्क व्यक्ति हेमराज जोशीले जानकारी दिएका हुन् । उनकाअनुसार सबैभन्दा बढी पहाडी जिल्ला दार्चुलामा एक सय ९१ जनामा सङ्क्रमण पुष्टि भइसकेको छ । सोही अवधिमा कञ्चनपुरमा ५७, अछाममा ३१, कैलालीमा २४, बझाङमा ६, बैतडी/डोटीमा ५/५, बाजुरामा चार र डडेल्धुरामा दुई जनामा सङ्क्रमण देखिएको छ ।

लामखुट्टेको टोकाइबाट हुने डेङ्गु गर्मी र वर्षाको समयमा हुने भएकाले बिरामीको संख्या बढ्दै गएको जोशीले बताए । 'गर्मी र वर्षामा सङ्क्रमण बढी देखिने गरेको छ, असोजसम्म बढी जोखिम हुन्छ' उनले भने । तराईका जिल्लामा बढी हुने डेङ्गु संक्रमण पछिल्लो समय पहाडमा पनि फैलिँदै गएको छ । निर्देशनालयको तथ्याङ्कअनुसार पहाडी जिल्लामा पनि डेङ्गुको जोखिम बढेको देखिएको स्वास्थ्य कार्यालय बैतडीका प्रमुख योगेशप्रसाद भट्टले जानकारी दिए ।

तराईबाट लामखुट्टे पहाड उक्लिएकाले पहाडमा पनि जोखिम बढेको छ भन्दै उनले थपे- 'लामखुट्टे पहाडमा पनि देखिन थालेपछि पहाडी जिल्लामा पनि सङ्क्रमण बढ्दै गएको छ, पहाडी जिल्लामा पनि सङ्क्रमितलाई अस्पताल भर्ना गरेर उपचार गर्नुपर्ने अवस्था छ ।'

निर्देशनालयले डेङ्गुका बिरामीमा उच्च ज्वरो आउने, टाउको, आँखाको गेडी, ढाड, शरीर, घुँडाका जोर्नी दुख्ने, पिँडौलाको मासु दुख्ने आदि लक्षण देखा पर्नुका साथै गम्भीर प्रकृतिको डेङ्गु संक्रमण भएका बिरामीमा भने थकान महसुस हुने, गजाबाट रगत बग्ने, पेट असाध्यै दुख्ने, बारम्बार बान्ता हुने, श्वास फेर्न गाह्रो हुने, पेट तथा खुट्टा सुन्निनेजस्ता लक्षण देखापर्ने उल्लेख गरेको छ ।

# केन्द्रीय समितिको आकार बढाउने र प्रत्यक्ष प्रसारण नगर्ने माओवादीको निर्णय

**काठमाडौं ।** सत्ताधारी दल नेकपा (माओवादी केन्द्र)ले कमलादीस्थित प्रज्ञा प्रतिष्ठानमा पाँच दिनसम्म चल्ने केन्द्रीय समिति चौथो पूर्ण बैठकको प्रत्यक्ष प्रशारण नगर्ने निर्णय गरेको छ ।

पार्टी मुख्यालय पेरिसडाँडामा केसको बैठकको अगाडि नै बसेको स्थायी समिति बैठकले मौजुदा केन्द्रीय समितिलाई समावेशी बनाउने गरी केन्द्रीय समितिको आकार बढाउने निर्णय गरेको हो । त्यसका लागि माओवादीले चौथो पूर्ण बैठकअघि नै विधान संशोधन गरिने उल्लेख गरेको छ । विधान संशोधनपछि मात्रै केन्द्रीय समितिमा नयाँ सदस्यले सहभागिता जनाउन पाउनेछन् ।

स्थायी समिति बैठकपछि माओवादी प्रवक्ता कृष्णबहादुर महराले विधान संशोधन गरेर केन्द्रीय समिति विस्तार गरिने निर्णय भएको जानकारी दिए । अहिलेको माओवादीमा पाँच सय ८३ सदस्यीय केन्द्रीय समिति रहेकोमध्ये तीन सय ८५ पूर्ण र एक सय ९८ वैकल्पिक केन्द्रीय सदस्य छन् ।

विधान संशोधन गरेर महिला, दलित, युवा र पुराना नेता कार्यकर्तालाई केन्द्रीय समितिमा समेट्ने माओवादीको तयारी रहेको बताइन्छ । 'को-को ल्याउने भन्ने टुङ्गिएको छैन' प्रवक्ता महराले उल्लेख गरे । यसलगत्तै आयोजना हुने स्थायी समिति बैठकमा केन्द्रीय समिति बैठकका बारेमा स्थायी समिति बैठकमा छलफल भएको थियो ।

बैठकमा पार्टी अध्यक्ष एवं प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले राजनीतिक अवस्थाका बारेमा 'ब्रिफिङ' गरेका थिए ।

यसैबीच पार्टी प्रवक्ता महराले कमलादीमा हुने केन्द्रीय समिति बैठकको प्रत्यक्ष प्रसारण नगर्ने निर्णय स्थायी समिति बैठकले गरेको समेत जानकारी समेत दिए । यसअघि पदाधिकारी बैठकले केन्द्रीय समितिको प्रत्यक्ष प्रसारण गर्ने निर्णय गरेको थियो ।

# आँखा पाक्ने रोग दिनहुँ फैलँदा रुकुमेलीलाई समस्या

**काठमाडौं ।** पछिल्ला केही दिनयता रुकुम पश्चिममा आँखा पाक्ने समस्या बढ्दै जाँदा स्थानीयलाई हैरान बनाएको छ । हरेक दिन नयाँ-नयाँ बिरामी थपिएको आँखा सर्जिकल तथा आँखा उपचार केन्द्र सल्लेले बताएको छ । केन्द्रका प्रमुख धनबहादुर केसीले आँखा पाक्ने समस्या भएर दैनिक रूपमा २०-२२ जना बिरामी केन्द्रमा आउने गरेको जानकारी दिए ।

उनले बिरामीमध्ये बालबालिका धेरै रहेका पनि बताए । आँखा रातो हुने, चिलाउने, ज्वरो आउने, समस्या देखिने गरेको प्रमुख केसीले बताए । रोग सर्नबाट जोगिनका लागि सङ्क्रमित व्यक्तिको नजिक नबस्न, भिडभाडमा नजान, बिरामीले प्रयोग गरेका औषधि, रुमाल, फोन, सिरानी तथा ओछ्यान प्रयोग नगर्न केन्द्रले आग्रह गरेको पनि उनले जनाए ।

बिरामीले औषधि प्रयोग गरिसकेपछि हातधुने, आँखा नछुने तथा चस्माको प्रयोग गर्नुपर्ने सुझाव दिँदै प्रमुख केसीले अनावश्यक रूपमा भिडभाडमा नजान तथा जानै परे चस्माको प्रयोग गर्न र लक्षण देखिएमा अस्पतालमा जाँच गराउन आग्रह गरिएको समेत बताए ।

# एमालेको अवरोधका कारण राष्ट्रियसभाको बैठक पुनः स्थगन

**काठमाडौं ।** बिहीबार पनि राष्ट्रियसभाको बैठक कुनै पनि छलफल र निर्णयविनै स्थगन भएको छ । बैठक प्रारम्भ हुनासाथ नेकपा (एमाले)ले अवरोध गरेपछि बैठक आगामी सोमबारसम्मका लागि स्थगित गरिएको हो ।

बैठक सुरु हुने बित्तिकै एमालेका सांसद भैरवसुन्दर श्रेष्ठले सुन तस्करी प्रकरणबारे छानबिन गर्न उच्चस्तरीय समिति गठन गर्नुपर्ने माग गर्दै अवरोध सिर्जना गरेका थिए । 'सुन तस्कारी प्रकरणबारेमा सत्यतथ्य छानबिन गरी यथार्थ बाहिर ल्याउनुपर्छ' उनले भने 'दोषीलाई छानबिन गरी कानुनी दायरामा नल्याएसम्म संसद चल्न सक्दैन, सरकारलाई सत्यतथ्य बाहिर ल्याउन आग्रह छ ।' उनले यही साउन ३ गते एक टनभन्दा बढी सुन नेपाल भित्रिएको विषयलाई हलुका रूपमा हेर्न नहुने बताएका थिए ।

यसैबीच राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले सुन तस्कारका विषयमा संसदको गम्भीर ध्यानाकर्षण भएको र उक्त विषय छलफल र संवादबाट समाधान गर्न पटक-पटक आग्रह गरेका थिए । उनले जनतासमक्ष आफ्ना कुरा राख्नका लागि शून्य समय, विशेष समय भएको र त्यस मार्फत् भनाइ राखेर संसद सञ्चालन हुन दिन आग्रह गरेका थिए । अध्यक्ष तिमिल्सिनाको आग्रहपछि पनि एमालेले अवरोध जारी राखेपछि बिहीबारको बैठक स्थगन भएको हो ।

राष्ट्रियसभाको अर्को बैठक यही साउन २२ गते सोमबार अपहान्न १ बजेर १ मिनेटमा बस्ने समेत निर्णय समेत गरिएको छ ।

गो.हु.का. द.नं.: ४५/०६३/६४

का.जि.प्र.का. द.नं.: ८९-०५२/५३



## माओवादी बैठक...

पाँच दिनसम्म चल्ने माओवादी बैठकमा सरकारको समीक्षा तथा विभिन्न पार्टीसँगको एकताका विषयमा समेत छलफल हुने बताइएको छ। डा. बाबुराम भट्टराई नेतृत्वको नेपाल समाजवादी पार्टीले पठाएको पार्टी एकतासम्बन्धी प्रस्ताव तथा नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको नेपाल कम्युनिष्ट पार्टीसँगको एकताबारे समेत यस बैठकमा विमर्श हुने नेताहरूको भनाइ छ।

अध्यक्ष प्रचण्डद्वारा प्रस्तुत प्रतिवेदनमा सङ्गठनात्मक संरचनालाई चुस्तदुरुस्त बनाउने, पार्टीपङ्क्तिलाई वडास्तरमा फर्काउने, तीन महिनाको विशेष अभियान सञ्चालन गर्ने, विधान सम्मेलन गर्ने, सम्मेलनमार्फत पार्टीलाई चुस्त र व्यवस्थित तुल्याउने प्रस्ताव गरिएको जानकारी सो पार्टीका केन्द्रीय सदस्य एवं सांसद माधव सापकोटा दिएका छन्।

बैठकलाई सम्बोधन गर्ने क्रममा अध्यक्ष प्रचण्डले यस बैठकको महत्त्व, राजनीतिक तथा साङ्गठनिक प्रतिवेदनका आयामलगायतबारे व्याख्या गरेका थिए। अध्यक्ष प्रचण्डले आफ्नो नेतृत्वको सरकारले थालेका कामबाट जनतामा नयाँ आशा पलाएको भन्दै जनतामा उत्पन्न आशा र भरोसालाई सङ्गठनमा रूपान्तरणमा गर्नुपर्ने विश्लेषण गरेका थिए।

देशको राजनीतिक अवस्था, जनताले आफ्नो पार्टी र आन्दोलनबाट गरेका आशा र अपेक्षाबारे विश्लेषण गर्दै अध्यक्ष दाहालले भने- 'पछिल्लो चरणमा हाम्रो पार्टीको नेतृत्वमा सरकार गठन भइसकेपछि सरकारले अगाडि सारेका कार्यक्रम, लिएका पहलकदमी र गरिएका गतिविधिबाट जनतामा नयाँ आशा पलाएको छ।' अध्यक्ष दाहालले केन्द्रीय समितिको बैठकले सरकारका कामलाई अझ व्यवस्थित पार्दै प्रभावकारी बनाउने, राष्ट्र र जनताको आवश्यकताअनुसार अगाडि बढ्न सहज वातावरण बनाउने विश्वास व्यक्त समेत व्यक्त गरे।

'राष्ट्रिय एकता र स्वाधीनतालाई सुदृढ गर्नुपर्ने आवश्यकता छ। राष्ट्रिय एकता र स्वाधीनतालाई सुदृढीकरण गर्न केन्द्रीय समितिले छलफल र निष्कर्ष निकाल्ने छ' सम्बोधनकै क्रममा अध्यक्ष दाहालले भने। पार्टी पुनर्निर्माणको नयाँ अभियान सञ्चालन गर्नुपर्ने आवश्यकता औंल्याउँदै उनले पार्टीका नेता-कार्यकर्ता जनतामा जोडिनुपर्नेमा जोड दिए। नेता-कार्यकर्ताको संख्या ठूलो भएअनुसार माओवादी पार्टीजस्तो नभएको विश्लेषण गर्दै अध्यक्ष दाहालले केन्द्रीय समिति बैठकबाट कम्युनिस्ट पार्टी पुनर्निर्माणको अधियान थाल्नुपर्नेमा जोड दिए।

बैठकलाई सम्बोधन गर्दै पार्टी अध्यक्षले गम्भीर, जिम्मेवारीपूर्वक, अनुशासित रूपले बहस छलफल गर्दै यो बैठकलाई पार्टी पुनर्निर्माणको ऐतिहासिक थालनीको बैठक बनाउन केन्द्रीय सदस्यलाई निर्देशन समेत दिएका थिए।

अध्यक्ष दाहालको सम्बोधन सकिएलगत्तै बैठक कार्यसूचीमा प्रवेश गरेको घोषणा गरेका महासचिव देवप्रसाद गुरुङले बैठकको 'एजेण्डा' प्रस्तुत गरेका थिए। उनले पेस गरेको एजेण्डा पास भएसँगै बैठक औपचारिक रूपमा छलफलमा प्रवेश गरेको थियो।

पार्टी प्रवक्ता कृष्णबहादुर महराले बैठकमा अध्यक्ष दाहालले विधान संशोधनको प्रस्ताव पेस गरेको जानकारी दिएका थिए। अध्यक्षद्वारा विधान संशोधन प्रस्ताव सर्वसम्मतिबाट पारित भएको थियो। माओवादीले केन्द्रीय समिति समावेशी नभएको स्वीकार गर्दै विधान संशोधन गरी केन्द्रीय समितिको आकार बढाउने प्रस्ताव गरेको छ।

शा उनले केन्द्रीय समितिमा समावेशी चरित्र देखाउन तथा केही वरिष्ठ नेतालाई सहभागी गराउन विधान संशोधन गर्नुपरेको जानकारी समेत दिए। हालको तीन सय ८७ सदस्यीय माओवादी केन्द्रीय समितिलाई मौजुदा प्रस्तावमा चार सय नौ सदस्यीय बनाउने उल्लेख छ।

यसैबीच केन्द्रीय समितिमा २५ प्रतिशत महिलाको प्रतिनिधित्व सुनिश्चित गर्नेगरी विधान संशोधन प्रस्ताव गरेको केन्द्रीय कार्यालयका सचिव डोरप्रसाद उपाध्यायले जानकारी दिए। एक सय ९९ वैकल्पिक केन्द्रीय सदस्य समेत रहेको माओवादीको केस बैठकमा उनीहरूले सहभागी पाउने प्रावधान रहेको समेत बताइन्छ।

पार्टीका महासचिव गुरुङले बैठकमा तीन सय ८७ पूर्ण र एक सय ९६ वैकल्पिक केन्द्रीय सदस्य, अनुशासन, लेखा र निर्वाचन आयोगका सदस्य ४१ तथा ७ भौगोलिक र ३ गैरभौगोलिक गरी १० प्रदेशका ९० पदाधिकारीको सहभागिता रहेको जानकारी दिए।

यसैगरी अध्यक्ष दाहालले माओवादी केन्द्रमा ७ लाख ५२ हजार ९ सय ५६ पार्टी सदस्य रहेको तथ्याङ्क समेत राखेका थिए। जसअनुसार कोशीमा ९९ हजार ६ सय एक, मधेसमा एक लाख १६ हजार ९ सय ७५, बागमतीमा एक लाख ४७ हजार तीन सय ५३, गण्डकीमा ६६ हजार ६ सय ८७, लुम्बिनीमा एक लाख १२ हजार ९ सय १०, कर्णालीमा ८५ हजार ७ सय ७४ र सुदूरपश्चिममा ७० हजार ४ सय ८२, सम्पर्क कमिटी १९ हजार तीन सय १३, उपत्यकामा १८ हजार तीन सय २५ र प्रवासमा पाँच हजार पाँच सय ३७ पार्टी सदस्य रहेको अध्यक्ष दाहालको प्रस्तावमा उल्लेख छ।

गत वर्ष (२०७९ असार १९ देखि २५) सम्म चलेको माओवादीको केन्द्रीय समितिको तेस्रो बैठकको एक वर्षभन्दा पछि बसेको यस बैठकबीच अध्यक्ष दाहालले देशको राजनीतिक समीकरण र राजनीतिक उतारचढाव तथा पार्टीको आन्तरिक तयारीलाई पूर्णता दिन विलम्ब भएर बैठक बस्न ढिला भएको स्वीकार समेत गरेका छन्।

पार्टी अध्यक्ष दाहालको नेतृत्त्वमा सरकार गठन भएपछि गत माघ २६ गते 'भर्चुअल' रूपमा केन्द्रीय समितिको बैठक बसेको थियो। माओवादीले केन्द्रीय बैठकको प्रत्यक्ष प्रसारण गर्ने पदाधिकारीको निर्णयमाथि स्थायी समितिका नेताहरूले विरोध जनाएका थिए।

केन्द्रीय समिति बैठक अगाडि माओवादीको पदाधिकारी र स्थायी समितिको बैठक बसेर अध्यक्ष दाहालको राजनीतिक तथा साङ्गठनिक प्रतिवेदन पारित गरेको थियो।

दूषित पानीका कारण हुने रोगप्रति सजग रहौं!!

फोहर पानी पिउनाले झाडापखाला, हैजा, टाइफाइड, आउँ, जण्डिसजस्ता रोग लाग्न सक्छन्। त्यसैले–

- खोला, धारा वा मुलको पानी सिधै नपिऔं।
- पानी उमालेर मात्र पिऔं।
- उमाल्न सम्भव नभएमा शुद्धीकरण गरेर मात्र पिऔं।
- पिउने पानीलाई सफा भाँडामा छोपेर राखौं र सफा भाँडाले पानी झिक्ने गरौं।

नेपाल सरकार

विज्ञापन बोर्ड

## सरकारका जनप्रिय कामप्रति नेताहरूको समर्थन

**काठमाडौं।** लामो समयपछि कमलादीस्थित नेपाल प्रज्ञाप्रतिष्ठानमा बुधबारदेखि सुरु भएको नेकपा (माओवादी केन्द्र) को केन्द्रीय समितिको चौथो पूर्ण बैठकबीच केन्द्रीय सदस्यहरूले पार्टी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको सरकारले थालनी गरेका सामाजिक न्याय, सुशासन र समृद्धिको प्राथमिकतासहितका जनप्रिय कामको समर्थन गरेका छन्।

जारी बैठकबीच अध्यक्ष प्रचण्डद्वारा प्रस्तुत प्रतिवेदनको मूल 'स्प्रिट'को समर्थन गर्दै केन्द्रीय सदस्यहरूले भ्रष्टाचारको अन्त्य र सुशासन स्थापित गर्न सरकारले चालेको कदमले जनतामा नयाँ आशा र विश्वास जगाएको धारणा व्यक्त गरेका हुन्। माओवादी केन्द्रका प्रवक्ता कृष्णबहादुर महराका अनुसार अध्यक्षद्वारा प्रस्तुत प्रतिवेदनको मूल 'स्प्रिट'को समर्थन गर्दै सामाजिक न्याय, सुशासन र समृद्धिका पक्षमा सरकारले लिएको पहल र पार्टी पुनर्निर्माणका पक्षमा आ-आफ्ना सुझाव प्रस्तुत गरेका हुन्।

केसको बैठकका सहभागीले पार्टीको ऐतिहासिक आठौं महाधिवेशनले संश्लेषण गरेको राजनीतिक कार्यदिशा वैज्ञानिक र वस्तुनिष्ठ भएकाले सोहीअनुरूप पार्टी पुनर्निर्माणको कार्ययोजना निर्माण गरेर अगाडि बढ्नुपर्नेमा जोड दिएका थिए। सहभागी नेताहरूले पार्टी रूपान्तरण गर्दै समाजवादको आधार तयार पार्न सिंगो पार्टी एकताबद्ध संकल्पका साथ अगाडि बढ्नुपर्ने आवश्यकतातर्फ औंल्याएका थिए।

जारी बैठकबीच वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठ, उपाध्यक्ष एवं प्रवक्ता महरासहित ५६ जनाले अध्यक्ष दाहालद्वारा प्रस्तुत 'वर्तमान परिस्थिति र पार्टीका प्रमुख कार्यभारहरू' शीर्षकको राजनीतिक एवं संगठनात्मक प्रस्तावमाथि धारणा राखिसकेका छन्। प्रस्तुत प्रतिवेदनमाथि आफ्ना धारणा व्यक्त गर्दै वरिष्ठ उपाध्यक्ष एवं उपप्रधानमन्त्री श्रेष्ठले अध्यक्षले प्रस्तुत गरेको प्रस्ताव समसामयिक रहेकाले सोको कार्यान्वयन गरेर जानुपर्नेमा जोड दिए। उनले सो प्रस्तावमाथि आफ्नो दृढ समर्थन रहेको स्पष्ट पार्दै पार्टीलाई रूपान्तरण गरेर जानुपर्ने धारणा व्यक्त गरेका थिए।

यस्तैगरी केन्द्रीय सदस्य माधव सापकोटाले निर्णय गर्ने तर कार्यान्वयन नगर्ने प्रवृत्तिको अन्त्य गर्नुपर्ने भन्दै एउटै व्यक्ति बारम्बार लाभको पदमा बसिरहन नहुने र विधान सम्मेलन गरेर पार्टीलाई जनता केन्द्रित बनाउनुपर्नेमा जोड दिए। हालसम्म धारणा राख्ने केन्द्रीय सदस्यले सांगठनिक संरचनालाई भद्दा बनाउन नहुने, पार्टीमा उमेरहदको व्यवस्था लागू गर्नुपर्ने, लाभको पदमा पुगेको सबै नेताको सम्पत्ति छानबिन गर्नुपर्ने तथा अनियमितता, भ्रष्टाचारमा संलग्नलाई पार्टीले जोगाउन नहुनेमा जोड दिएका थिए।

प्रज्ञा प्रतिष्ठानमा जारी बैठकमा झङ्कर साउद, लेखनाथ न्यौपाने, मणिकुमार साम्पाङ, ओमप्रकाश पुन, गोविन्द लोहार, नारायणकाजी श्रेष्ठ, केशवनाथ योगी, दिलीपकुमार प्रजापति, हितबहादुर तामाङ, माधव सापकोटा, हरिराज अधिकारी, शिवराम यादव, दीपेन्द्र पुन, हरिनारायण चौधरी, दिलीप साह, झकबहादुर मल्ल, विष्णुप्रसाद भट्ट, भीमकुमारी बुढामगर, रामदीप आचार्य, सुरेश आलेमगर, भगतबहादुर बडुवाल, कीर्तिबहादुर पुन, कृष्णबहादुर महरा, नगेन्द्र राई, प्रकाशहरि पोखरेल, डिपी ढकाल, कालीबहादुर मल्ल, नीलकण्ठ तिवारी, विशाल खड्का, आइपी खरेल र नरेन्द्र न्यौपानेसहितका नेताहरूले आफ्ना धारणा राखिसकेका छन्।

प्रवक्ता महराका अनुसार बैठकमा राजकाजी महर्जन, प्रकाश श्रेष्ठ, गगन पुरी, विमला सुवेदी, सन्तोष विष्ट, टेकबहादुर बस्नेत, नरबहादुर विष्ट, दुर्गाकुमारी विक, प्रह्लाद बुढाथोकी, लक्ष्मी पुन, शिवकुमार डाँगी, वीरबहादुर रावल, जगत सिम्खडा, विजय भण्डारी, दलजीत श्रीपाली, रणेन्द्र बराइली, विष्णु विक, परशुराम रम्तेल, धनप्रसाद सापकोटा, टेकबहादुर बलम्पाकी, अनिलकिशोर घिमिरे, लोचन केसी, राजबहादुर बुढा, विमल अधिकारी र गोम्बु शेर्पा समेतका सदस्यहरू आ-आफ्ना धारणा राखिसकेका छन्।

अध्यक्ष दाहालद्वारा प्रस्तुत राजनीतिक एवं संगठनात्मक प्रस्तावमाथि बैठकको पहिलो दिन बुधबार १८ सदस्यले आफ्ना धारणा प्रस्तुत गरेको पनि प्रवक्ता महराले जानकारी दिए। सहभागीहरूले धारणा राख्ने क्रम जारी रहेको र बैठक शुक्रबार बिहान ११ बजे पुनः बस्ने पनि माओवादी स्रोतले जानकारी दिएको छ।

## बाँकेका विभिन्न नाकाबाट २८८ महिलाको उद्धार

**काठमाडौं।** भारतसँगको खुल्ला सीमाना रहेको बाँके जिल्लाका विभिन्न नाकाबाट बेचबिखनको जोखिममा रहेका २ सय ८८ महिलाको उद्धार गरिएको छ। जिल्लास्थित शान्ति पुनर्स्थापनागृहका अनुसार विभिन्न नाकाबाट मानव बेचबिखनको जोखिममा रहेका उनीहरूलाई उद्धार गरिएको हो।

सबैभन्दा बढी बाँकेका जमुनाहा नाकाबाट मात्रै दुई सय ३३ सहित शिवपुरी नाकाबाट २२, डडुवाको खडैचा नाकाबाट १२, नरैनापुरको सुइया नाकाबाट चार र कोहलपुर बर्सपार्कबाट १७ बेचबिखनको जोखिममा परेका महिलाहरूको उद्धार गरिएको पुनर्स्थापना गृहका क्षेत्रीय कार्यक्रम संयोजक निर्मल सुवेदीले जानकारी दिए।

बेचबिखनको जोखिमबाट उद्धार गरिएकामध्ये ५८ बाँके तथा ४२ बर्दियाका महिला रहेका पनि सुवेदीले बताए। एक वर्षको अवधिमा मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी चारवटा मुद्दा दर्ता भएका छन्। गरिबीका कारण अवसर खोज्दै गर्दा दलालको चंगुलमा फसेर १८ देखि २५ उमेर समूहका महिला बेचबिखनको जोखिममा पर्ने गरेको उनले जनाए।

दलालले नयाँ-नयाँ तरिका अपनाएर मानव बेचबिखन गर्ने गरेको पुनर्स्थापना गृह बाँकेकी संयोजक सिर्जना गौतमले बताइन्। एक वर्षको अवधिभर भारतबाट २२ महिलाको उद्धार गरिएको छ भने खोजतलासका लागि संस्थामा परेका एक सय ७२ निवेदनमध्ये १ सय २४ जना भेटिएको समेत संयोजक सुवेदीले बताए।

प्रकाशकः **कोसेली मिडिया सपोर्ट प्रा.लि.** सम्पादक : **सानु राय (गौतम) [९८४९६००२०९]** बजार व्यवस्थापक : **माधवप्रसाद न्यौपाने [९८४६५२८५०२]**

**कार्यालय** : जोरपाटी, काठमाडौं **फोन** : ९८४७३९५३८६ **इमेल** : janajibro.news@gmail.com **वेबसाइट** : www.janajibro.com **मुद्रण** : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं